# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक ८४ | काठमाडौं | बुधबार, ३२ असार २०८२ | Prabhab National Daily | Wednesday, July 16, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५|-

भिजिट भिसा प्रकरण

## दुई महिना नपुग्दै फेरिए अध्यागमन हाकिम


विष्णुप्रसाद कोइराला


नरहरि घिमिरे

- अध्यगमन प्रमुख तीर्थराज भट्टराई भिजिट भिसामा रकम असुली प्रकरणमा गृह मन्त्रालयमा तानिएपछि गत जेठ ७ गतेमात्र अध्यागम पठाइएका विष्णुप्रसाद कोइराला दुई महिनामै मन्त्रालय तानिए
- कोइरालाको ठाउँमा खोटाङका प्रमुख जिल्ला अधिकारी नरहरि घिमिरेलाई तोकियो जिम्मेवारी
- कोइरालालाई पठाउँदा पनि विमानस्थलमा सुधार नदेखिएपछि गृहमन्त्री रमेश लेखकले प्रमुख फेरेको भनाइ

■ प्रभाव संवाददाता

**काठमाडौं–** भिजिट भिसा प्रकरणका कारण विवादमा मुछिएको अध्यागमन कार्यालयको हाकिम दुई महिना नपुग्दै फेरिएको छ । गृह मन्त्रालयले मंगलबार अध्यागमनका प्रमुख विष्णुप्रसाद कोइरालालाई मन्त्रालय तानेको हो । उनको ठाउँमा खोटाङका प्रमुख जिल्ला अधिकारी नरहरि घिमिरेलाई खटाइएको छ ।

तत्कालीन अध्यागमन प्रमुख तीर्थराज भट्टराई भिजिट भिसामा रकम असुली प्रकरणमा गृह मन्त्रालयमा तानिएपछि गत जेठ ७ गतेमात्र कोइरालालाई अध्यागमन पठाएको थियो । कोइरालाको नेतृत्वमा पनि त्रिभुवन विमानस्थलको अध्यागनमा खासै सुधार हुन नसकेको भन्दै गृहमन्त्री रमेश लेखकले घिमिरेलाई अध्यागमनको जिम्मेवारी दिएको गृह स्रोतले जनाएको छ ।

तत्कालीन प्रमुख अध्यागमन अधिकृत भट्टराई भिजिट भिसा प्रकरणमा मुछिएर अख्तियार दुरूपयोग अनुसन्धान आयोगको अनुसन्धानको दायरामा तानिएलगत्तै गृहमन्त्री लेखकले उनलाई बचाउनकै लागि रातारात मन्त्रालयमा सरुवा गरेका थिए । भिजिट भिसामा जानेसँग प्रतिव्यक्ति २० हजारदेखि ४० हजार रूपैयाँसम्म असुलेर सेटिङमा श्रम गन्तव्यमा उडाउने आरोप भट्टराईमाथि लागेको थियो । उक्त प्रकरणमा गृहमन्त्री लेखेको राजीनामा माग्दै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले प्रतिनिधिसभा बहिस्कार गर्दै आएको छ ।

क्रमशः पृष्ठ २ मा

### स्पेन प्रकरणमा छानबिनको जिम्मा सिआइबीलाई

प्रधानमन्त्री केपी शर्मा ओली सहभागी भएको स्पेनको सेभिलामा सम्पन्न संयुक्त राष्ट्रसंघीय सम्मेलनमा असम्बन्धित व्यक्ति लगेको र त्यतै छाडेको विषयमा छानबिन गर्न समिति बनेको छ। आइतबार प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले प्रहरी वरिष्ठ उपरीक्षक( एसएसपी) होविन्द्र बोगटीको नेतृत्वमा छ सदस्यीय समिति बनाएको हो ।

समितिमा प्रहरी उपरीक्षक (एसपी) रुगम कुँवरलगायत रहेका छन् । यसअघि सोमबार गृहमन्त्री लेखकले स्पेन प्रकरणमा विस्तृत छानबिन गर्न निर्देशन दिएका थिए ।

क्रमशः पृष्ठ २ मा

'घुस डिल' अडियो प्रकरण

# संघीय मामिलामन्त्री गुप्ता हटे, भूमि व्यवस्थामन्त्री अधिकारीलाई संरक्षण !

- घुस डिलको अडियो सार्वजनिकपछि सामान्य प्रशासनमन्त्रीबाट राजकुमार गुप्ताको राजीनामा, भगवती न्यौपानेको नियुक्ति
- गुप्ता र बिचौलियाले पोलेका भूमिमन्त्री राजीनामा दिन आनाकानी गर्दै, राजीनामाको दबाब बढाउँदै विपक्षी
- घुस डिल अडियो प्रकरणको छानबिन गर्न माग


राजकुमार गुप्ता
निवर्तमान संघीय मामिलामन्त्री


बलराम अधिकारी
भूमि, व्यवस्था तथा सहकारीमन्त्री


भगवती न्यौपाने
नवनियुक्त संघीय मामिलामन्त्री

■ जेबी योञ्जन

**काठमाडौं–** 'घुस डिल' प्रकरणमा मुछिएका संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री राजकुमार गुप्ताले राजीनामा दिएका छन् । ७८ लाख रूपैयाँ घुस डिल गरेको अडियो सार्वजनिक भएपछि प्रधानमन्त्री केपी शर्मा ओलीले उनलाई राजीनामा गराएका हुन् ।

चौतर्फी दबाबपछि मात्र मन्त्री गुप्तालाई राजीनामा गराएका ओली यसअघि मौन बसेका थिए । उनले आरोपित मन्त्रीलाई सोमबारको मन्त्रिपरिषद् बैठकमासमेत सहभागी गराएका थिए । घुस प्रकरणमा मुछिएका मन्त्रीलाई कारबाही नगरेको भन्दै प्रधानमन्त्री ओलीको चौतर्फी आलोचना भयो । संसद्मा विपक्षी दलहरूले भ्रष्टाचारलाई संरक्षण गरेको भन्दै चर्को आलोचना गरे । उक्त दबाबपछि ओलीले मन्त्री गुप्तालाई बालुवाटारमा बोलाएर राजीनामा दिन निर्देशन दिएका थिए । सोही निर्देशनबमोजिम गुप्ताले मंगलबार राजीनामा दिएका हुन् । गुप्ताको राजीनामापछि एमालेबाटै राष्ट्रिय सभामा प्रमुख सचेतक रहेकी भगवती न्यौपाने संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री नियुक्त भएकी छन् ।

अडियोमा पोलिएका भूमि, व्यवस्था तथा सहकारीमन्त्री बलराम अधिकारीले भने राजीनामा दिएका छैनन् । घुस डिल भएको अडियोमा गुप्ता र बिचौलिया दुवैले मन्त्री अधिकारीको नाम पोलेका छन् । बिचौलियाले गुप्तालाई अडियोमा प्रस्टसँग भनेका छन्, 'हिजो भूमिमन्त्रीसँग भेटघाट भएको थियो मेरो । तपाईं पहिल्यै किन नआएको ? तपाईंको नाममात्रै सुनेको मैले सुजन भाइ । तपाईं त मेरो परिवारजस्तो रहेछ । तपाईं मसँग पहिला किन भेट्न आउनुभएन ? तपाईंले खेम पुन कि खेम पुन भनेर यही अडान लिएको भए पाँच दिनअघि भनेको भए म खेम पुन नै गर्दिन्थेँ भनेर मन्त्रीले भन्नुभयो ।'

मन्त्री गुप्ताले अडियो आफ्नो नभएको जिकिर गरेका थिए । तर, अडियोमा भनिएको पैसा भने भैंसेपाटीस्थित मन्त्री निवासमा फेला परेको स्वीकारेका थिए । यसपछि उनको राजीनामा विपक्षी दलका सांसदहरूले मागेका थिए । विपक्षी नेता नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले मन्त्रीको घुस मागिएको अडियो सार्वजनिक हुँदा पनि प्रधानमन्त्री ओलीले 'एक्सन' नलिएको भन्दै आलोचना गरेका थिए । सत्तारूढ कांग्रेसका महामन्त्री गगनकुमार थापाले पनि गुप्तालाई मन्त्री पदबाट हटाउन माग गरेका थिए ।

गुप्ताको राजीनामा आएको पृष्ठभूमिमा मंगलबारको संसद् बैठकमा विपक्षी सांसदहरूले उनीमाथि छानबिनको माग गरे । भूमि, व्यवस्था तथा सहकारीमन्त्री अधिकारीको पनि राजीनामा माग गरे । बैठकमा प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्रका सांसद लेखनाथ दाहालले मन्त्री अधिकारीको राजीनामा मागेका हुन् ।

क्रमशः पृष्ठ २ मा

### 'काण्ड'ले नछाड्ने ओली सरकार

**काठमाडौं (प्रस)–** केपी शर्मा ओली नेतृत्वको सरकारमा 'घुस डिल' गरेको अडियो सार्वजनिक भएको यो पहिलोपटक होइन । २०७६ सालको फागुन पहिलो साता तत्कालीन सञ्चार तथा सूचना प्रविधिमन्त्री गोकुल बाँस्कोटाले ७० करोड रूपैयाँ सेक्युरिटी प्रिन्टिङ प्रेस खरिद प्रक्रियामा बार्गेनिङ गरेको अडियो सार्वजनिक भएको थियो । अडियो बाहिरिएपछि बाँस्कोटाले राजीनामा दिए ।

आफूलाई भ्रष्टाचारविरोधी प्रधानमन्त्री भनाउन रुचाउने ओलीकै सरकारमा मन्त्रीहरू हरेकपटकजसो घुस प्रकरणमा मुछिने गरेका छन् । गुप्ताअघि गृहमन्त्री रमेश लेखक नै भिजिट भिसाको नाममा दैनिक ५० लाख रूपैयाँ उठाउने प्रकरणमा मुछिए । तर, उनको बचाउ प्रधानमन्त्री ओली स्वयंले गरे । यो विषय अझै पनि संसद्मा विपक्षी दलहरूले उठाइरहेका छन् । गृहमन्त्री लेखकको राजीनामा माग्दै विपक्षी दलहरूले छानबिन गर्न पनि माग गर्दै आएका छन् । यसअघि १३ जेठदेखि नै माओवादीसहित विपक्षी दलहरूले लेखकको घुस आरोपी मन्त्री लेखकको राजीनामा माग गर्दै सदन चल्न दिएनन् ।

क्रमशः पृष्ठ २ मा

सन्दर्भः वैदेशिक रोजगार

# वैदेशिक रोजगारीको नाममा व्यक्तिगत ठगी बढ्यो

## आकर्षक रोजगारीको प्रलोभनमा नपर्न विभागको आग्रह

■ प्रभाव संवाददाता

**काठमाडौं–** वैदेशिक रोजगार विभागले वैदेशिक रोजगारीमा नाममा व्यक्तिगत ठगीका घटना बढेकोप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ । विभागले मंगलबार प्रेस विज्ञप्ति जारी गर्दै त्यस्ता घटनाप्रति सजगता अपनाउन आग्रह गरेको छ ।

विभागका अनुसार ठगीमा संलग्नहरूले सामाजिक सञ्जालमार्फत आकर्षक रोजगारीको प्रलोभनमा पार्ने गरेका छन् । यस्ता गतिविधिमा संलग्नहरूले आकर्षक सेवा सुविधा भएका युरोपेली मुलुक, कोरियालगायत देशमा रोजगारीका लागि पठाउने आश्वासन दिने गरेका छन् ।

'हालका दिनहरूमा फेसबुक, टिकटक, भाइबर, युटचुब तथा ह्वाट्सएपलगायतका सामाजिक सञ्जालहरूमा वैदेशिक रोजगारीमा पठाइदिने भनी विभिन्न प्रलोभनसहितका विज्ञापन गर्ने, राम्रा र आकर्षक सुविधा भएको देशमा पठाइदिने भन्ने आश्वासन दिने, पैसा उठाउने तथा पासपोर्ट संकलन गरेर दुःख दिने, साथै ई-७ भिसामार्फत कोरिया पठाइदिन्छु भनी गैरकानुनी गतिविधि गरेको भन्ने सुनिन आएकोले सो विषयमा यस विभागको ध्यानाकर्षण भएको छ,' विज्ञप्तिमा भनिएको छ ।

वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० मा इजाजतपत्र नलिई वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न नपाउने व्यवस्था छ । सरकारले रोजगारीका लागि खुला गरेका मुलुकमामात्र श्रमिक पठाउन पाइन्छ । तर कानुनी प्रावधानविपरीत श्रम स्वीकृति नै नलिई अर्को मुलुकको विमानस्थल प्रयोग गर्ने, गलत सूचना प्रवाह गर्दै भ्रम सिर्जना गरेर विदेश पठाउने गरेको पाइएको छ । यस्तो कार्य गैरकानुनी भएको र यसरी वैदेशिक रोजगारीमा जाँदा श्रमिकहरू विभिन्न जोखिममा पर्न सक्ने, मानव तस्करी, श्रम शोषण र दुर्व्यवहारको खतरा झन् बढ्न सक्ने विभागले जनाएको छ ।

क्रमशः पृष्ठ २ मा




### चालु आवमा व्यक्तिगत ठगीका ५६१७ उजुरी, असारमा सबैभन्दा बढी

वैदेशिक रोजगार विभागमा चालु आर्थिक वर्ष २०८१/८२ मा पाँच हजार ६१७ वटा उजुरी दर्ता भएको तथ्यांक छ । यो असार महिना सकिन दुई दिन बाँकी रहँदासम्मको तथ्यांक हो ।

असार महिनामा व्यक्तिगत ठगीका सबैभन्दा धेरै उजुरी परेका छन् । विभागले उपलब्ध गराएको तथ्यांकअनुसार असार महिनामामात्र ६३४ वटा व्यक्तिगत ठगीका उजुरी दर्ता भएका छन् । असार ३० गतेसम्मको यो तथ्यांकमा अन्य उजुरी पनि थपिन सक्छन् ।

त्यस्तै चालु आवको साउनमा ४५९, भदौमा ३५३, असोजमा १९७, कात्तिकमा २४४, मंसिरमा ३१६, पुसमा ४५५, माघमा ५०५, फागुनमा ६२६, चैतमा ६२६, वैशाखमा ५८१ र जेठमा ६२१ वटा व्यक्तिगत ठगीका उजुरी विभागमा परेका छन् ।

क्रमशः पृष्ठ २ मा



विभागको काम कानुनबमोजिम रोजगारीमा जानेलाई सुसूचित गर्ने हो । यो त ठगीमा परेकाहरूको पैसा उठाइदिने कार्यालयजस्तो भइसक्यो । नबुझी लहैलहैको पछि दौडने गर्नाले ठगीका घटना बढेको छ ।

■ चन्द्रबहादुर सिवाकोटी
प्रवक्ता, वैदेशिक रोजगार विभाग



पृष्ठ १ बाट क्रमशः

## संघीय मामिलामन्त्री...

उनले सोधे, 'सामान्य प्रशासनमन्त्री गुप्ताले घुस प्रकरणको अडियोमा पोलेका अर्का मन्त्रीले राजीनामा दिन पर्दैन ?' उनले गुप्ताले राजीनामा दिएरमात्रै नहुने भन्दै छानबिनसमेत गर्नुपर्नेमा जोड दिए ।

संसद् बैठकमै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सांसद शिव नेपालीले गुप्ताले राजीनामा दिएरमात्रै नपुग्ने बताउँदै उनले नाम पोलेका मन्त्रीबारे सरकारको धारणा के हो भन्ने प्रश्न गरे । घुस प्रकरणमा संलग्नहरूमाथि सत्य तथ्य छानबिन हुनुपर्ने सांसद् नेपालीले माग गरे ।

अर्को विपक्षी दल राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का प्रमुख सचेतक ज्ञानबहादुर शाहीले पदबाट राजीनामा दिएका गुप्तालाई पक्राउ गरेर छानबिन गर्न माग गरे । यससँगै उनले पोलेका मन्त्री अधिकारीलाई पनि कारबाहीको दायरामा ल्याउनुपर्ने माग गरे । शाहीले बहालवाला मन्त्रीले घुसको डिल गरेको अडियो सार्वजनिक हुने बेलासम्म छानबिन गर्ने निकाय अख्तियार दुरूपयोग अनुसन्धान आयोग के हेरेर बसेको थियो भन्ने प्रश्नसमेत गरे ।

घुस डिलको अडियोबारे कांग्रेस सांसदले पनि विवादित मन्त्री अधिकारीको धारणा मागेका छन् । कांग्रेस सांसद प्रतिमा गौतमले प्रधानमन्त्री ओलीको भ्रष्टाचार न्यूनीकरणसम्बन्धी प्रतिबद्धतामा प्रश्न उठाइन् । 'हाम्रो सरकार प्रमुखले सगौरव भन्ने गर्नुहुन्छ, म भ्रष्टाचार गर्दिनँ र गर्न पनि दिन्नँ, तर विडम्बना । हालैमात्र मन्त्रिपरिषद्का सदस्य संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री राजकुमार गुप्ताको घुस डिल गरिरहेको अडियो संवाद सार्वजनिकरूपमा छताछुल्ल भएको छ,' सांसद गौतमले भनिन्, 'यसरी छताछुल्ल भएको अडियोमा अर्को मन्त्रीको पनि संलग्नताबारे बोलेको सुनिन्छ । यो सार्वजनिक चासो र चिन्ताको विषय बनेको छ ।'

प्रधानमन्त्री ओलीले भने यसबारे अझैसम्म मुख खोलेका छैनन् । उनी संसद् बैठकमासमेत गएका छैनन् । आगामी साउन ७ गतेमात्रै प्रश्नोत्तरका लागि उनी संसद् बैठकमा जाने छन् । उनले त्यसअघि घुस डिलको अडियोमा पोलिएका मन्त्री अधिकारीलाई बर्खास्त गर्छन् कि गर्दैनन् ? टुंगो छैन । तर, प्रधानमन्त्री ओलीमाथि भने उनलाई हटाउन दबाब बढेको छ ।

सोमबार प्रतिनिधिसभा बैठकमा भने मन्त्री अधिकारीले घुस डिलमा आफ्नो संलग्नतालाई अस्वीकार मात्रै गरेनन्, प्रतिवाद नै गरे । उनले घुस लिएको बारे पुष्टि गरेर देखाउन चुनौती नै दिए । 'म मात्र होइन, मेरो मन्त्रालय र मसँग सम्बन्धित कुनै पनि व्यक्तिहरूले कहीँ कतै त्यस्तो कारोबारलाई डिल गरेको रहेछ भने यथार्थ जानकारी ल्याइदिनुस्, कानुनी कारबाही भोग्न तयार छौं,' मन्त्री अधिकारीले भनेका थिए, 'तर, अनावश्यक हल्ला गरेर कसैको चरित्र हत्या गर्ने र बदनाम गराएर काममा अवरोध गर्ने कामतिर यहाँहरू नलाग्नको निम्ति अनुरोध गर्न चाहन्छु ।'

सार्वजनिक अडियोलाई आधार मान्दा भने उनीमाथि सन्देह गर्ने ठाउँ देखिएको छ । कारण, मन्त्री गुप्ता र बिचौलिया दुवैले उनलाई पोलेका छन् । त्यसले गर्दा उनी घुस प्रकरणमा चोखा छन् भन्नेमा अविश्वास गर्नेहरू छन् । त्यही भएर एकातिर घुस प्रकरणको छानबिन गर्न माग हुँदा अर्कातिर मन्त्री अधिकारीको राजीनाको माग संसद्मा उठान भएको छ ।

■■■

## 'काण्ड'ले..

अन्ततः माओवादी दुईबुँदे सहमति गरेर पछि हटेपछि संसद् चल्यो । ओली सरकारमै हाल ऊर्जामन्त्री रहेका दीपक खड्काले जगदुल्ला जलविद्युत् आयोजनाको १६ अर्बको ठेक्कामा मिलेमतो गरी ठेकेदारबीच चेक लेनदेन गराएको विषय सार्वजनिक भएपछि विवादित बने । अहिले पनि यो प्रकरणको छानबिन अख्तियारले गरिरहेको छ ।

दोस्रोपटक ओली प्रधानमन्त्री भएका बेला राष्ट्रिय ध्वजावाहक नेपाल वायु सेवा निगमका दुईवटा वाइडबडी विमान खरिदमा अनियमितता भयो । अनियमितता प्रकरणमा तत्कालीन पर्यटनमन्त्री (दिवंगत) रवीन्द्र अधिकारी, दुईजना पूर्वमन्त्रीहरू जीवनबहादुर शाही र जितेन्द्रनारायण देवलगायत मुछिए । पछि छानबिन समितिले दुईवटा जहाज खरिद गर्दा चार अर्ब ३५ करोड ५६ लाख रूपैयाँ अनियमितता भएको औंल्याएको थियो ।

यसबाहेक ओली अघिल्लोपटक प्रधानमन्त्री भएकै बेला कोरोना महामारी नियन्त्रणका लागि आवश्यक स्वास्थ्य सामग्री खरिदमासमेत अनियमितता भएको विवरण सार्वजनिक भएको थियो । ओली सरकारले ओम्नी बिजनेस कर्पोरेसन इन्टरनेसनल (ओबिसिआई ग्रुपसँग) ११ चैत २०७६ मा २४ घण्टे सूचना जारी गर्दै एक करोड तीन लाख ९४ हजार ४०० अमेरिकी डलरमा औषधि तथा मेडिकल उपकरण खरिदको सम्झौता गरेको थियो । सम्झौताअनुसार ओबिसिआईले चीनबाट २३ लाख ९४ हजार डलर बराबरको सामान ल्याएको थियो । तर, उक्त सामग्री बजार मूल्यभन्दा बढीमा मन्त्रालयले खरिद गरेको भन्दै विवाद उत्पन्न भयो । यो विषय अझै छानबिन भएको छैन ।

झापाको गिरिबन्धु टि-स्टेटको जग्गा पनि ओलीले आफू प्रधानमन्त्री भएकै बेला ऐन बनाएर सट्टापट्टा गर्न मिल्ने बनाएका थिए, जुन खर्बौं भ्रष्टाचारसँग जोडिएको छ । यसबारे पनि माओवादी अध्यक्ष दाहाल प्रधानमन्त्री हुँदा छानबिनको प्रक्रिया अघि बढाएका थिए । सोहीकारण आफ्नो सरकार ढालिएको टिप्पणी दाहालले गर्दै आएका छन् । हाल यो प्रकरणको छानबिन प्रभावित भएको छ ।

■■■

## दुई महिना...

यो प्रकरण छानबिनका लागि सरकारले असार १० गते उच्चस्तरीय अध्ययन एवं छानबिन समिति गठन गरेको थियो । पूर्वमुख्यसचिव शंकरदास बैरागीको संयोजकत्वमा गठन भएको समितिमा अर्थ मन्त्रालयका सहसचिव तीर्थराज चिलवाल, कानुन न्याय तथा संसदीय व्यवस्था मन्त्रालयका सहसचिव अरुणा जोशी, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सहसचिव रामकृष्ण लामिछाने, परराष्ट्र मन्त्रालयका सहसचिव मणिरत्न शर्मा र श्रम तथा सामाजिक सुरक्षा मन्त्रालयका सहसचिव प्रदीप कोइराला सदस्य छन् । समितिको सदस्य सचिवमा गृह मन्त्रालयका सहसचिव आनन्द काफ्ले रहेका छन् । समितिलाई प्रतिवेदन बुझाउने म्याद तीन महिना दिइएको छ ।

### शंकाको घेरामा कोइराला

आइतबारमात्र कामका लागि दुई जना यात्रु भिजिट भिसामा भारत उडे । उनीहरू सुरुमा 'वर्किङ भिसा'मा भारतको नयाँदिल्लीहुँदै तेस्रो मुलुक जान लागेका थिए । ती यात्रुसँग श्रम स्वीकृति थिएन । कागजपत्र नपुगेको भन्दै उनीहरूलाई अध्यागमन कार्यालयले फिर्ता पठाएको थियो । अध्यागमनले फिर्ता पठाएका यात्रु एकाएक नेपाल एयरलायन्सको विमानस्थलबाट नयाँ दिल्ली पुगे ।

यसको मुख्य कारण विमानस्थलको अध्यागमनका कर्मचारीलाई नै झुक्याएको जनाएको छ । 'अध्यागमन कार्यालयले कर्मचारीलाई तीन सिफ्टमा खटाउने गरेको र जसमा बिहानको कर्मचारीको सिफ्ट परिवर्तन भई अर्को सिफ्टका कर्मचारी आइपुगे । दोस्रो सिफ्टका कर्मचारीलाई उनीहरूले नागरिकतामात्र देखाउँदै नयाँ दिल्ली उड्न लागेको बताए,' अध्यागमनका एक अधिकृतले भने, 'त्यसपछि उनीहरूलाई अध्यागमनले जान दियो । ती यात्रुले सुरुमा पासपोर्ट र कागजपत्र देखाएका थिए । त्यसमा श्रम स्विकृत थिएन ।' भारतमा जान श्रम स्वीकृति वा पासपोर्ट नचाहिने भन्दै दोस्रो सिफ्टका कर्मचारीले उनीहरूलाई भारत उडाएका थिए । त्यसपछि कोइराला शंकाको घेरामा परेको बताइएको छ ।

कोइरालाले शुक्रबारमात्र कर्मचारीहरूका लागि नैतिक संहिता लागू गर्दै विदेश जानेलाई 'हयाभ अ नाइस जर्नी' भन्नैपर्ने र नेपाल प्रवेश गर्नेलाई कम्तीमा पनि 'वेलकम इन नेपाल, हयाभ अ नाइस डे' भन्नुपर्ने नियम लागू गरेका थिए । त्यसैगरी कोइरालाले व्यवहारमा रुखोपन प्रदर्शन नगर्नसमेत नैतिक संहितामा भनिएको थियो । उक्त संहितामा श्रममा जानेहरूलाई सम्मानजनक व्यवहार गर्नसमेत भनिएको थियो ।

विमानस्थलमाझैं अध्यागमन कार्यालयको महानिर्देशक पनि फेरिएका छन् । गोविन्द रिजालको ठाउँमा गृहले रामचन्द्र तिवारीलाई महानिर्देशक बनाएको हो ।

■■■

## स्पेन प्रकरणमा...

असार १४ गते मा प्रधानमन्त्री केपी शर्मा ओली स्पेनका लागि उडेकै विमानमा कतिपयलाई बिचौलियाले मड्रिड पुऱ्याएको खुलेको थियो । संयुक्त राष्ट्रसंघको 'विकासका लागि वित्तको चौथो अन्तर्राष्ट्रिय सम्मेलन'मा गैरसरकारी संस्थातर्फबाट सहभागिता जनाउन भन्दै उनीहरूलाई त्यता लगिएको बताइएको छ । उनीहरूले भारतको नयाँ दिल्लीस्थित स्पेन दूतावासबाट भिसा पाएको र कार्यक्रममै नगई त्यतै लुकेको तथ्य बाहिर आएको छ ।

■■■

## वैदेशिक...

वैदेशिक रोजगारीलाई सुरक्षित मर्यादित र भरपर्दो बनाउन वैदेशिक रोजगार ऐन, २०६४ ले तोकेबमोजिम अनिवार्यरूपमा वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिएको यकीन गरी नेपालकै विमानस्थलको प्रयोग गरी रोजगारीमा जान विभागले आग्रह गरेको छ । साथै, आवश्यकता अनुसारका तालिम, ओरियन्टेसन तथा आफ्नो स्वास्थ्य परीक्षणसमेत गरेर वैधानिक बाटोबाट जान आह्वान गरेको छ ।

विभागले गैरकानुनीरूपमा जाने वा पठाउने वा सामाजिक सञ्जालमा जथाभावी विज्ञापन गर्ने जो कोहीलाई कानुनबमोजिम कारबाही गरिने उल्लेख गरेको छ । सामाजिक सञ्जालमा अनधिकृत तवरले प्रचार गरिएका वैदेशिक रोजगारीसम्बन्धी सामग्रीमा विश्वास नगर्नसमेत आग्रह गरेको छ ।

■■■

## व्यक्तिगत...

गत पुसयता व्यक्तिगत ठगीका घटना बढेको पाइएको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीलेसमेत व्यक्तिगत ठगीका ३६ हजारभन्दा बढी उजुरी रहेको बताउने गरेका छन् । ठगीका घटनामा कमी आउनुको साटो उल्टै बढ्दै गएपछि विभागले रोजगारीमा जाने व्यक्ति स्वयं सजग हुनुपर्ने बताएको छ ।

व्यक्तिगतको तुलनामा संस्थागत उजुरी भने कम छन् । चालु आवको ११ महिनामा एक हजार ६६९ वटा यस्ता उजुरी विभागमा परेका छन् । यो गत आवको भन्दा बढी हो । गत आवको १२ महिनामा एक हजार ४४२ वटा संस्थागत उजुरी दर्ता भएका थिए ।

गैरकानुनी काम भन्ने थाहा हुँदाहुँदै पनि जान खोज्ने प्रवृत्तिका कारण मानिसहरू फस्ने गरेको विभागका उपमहानिर्देशक एवं प्रवक्ता चन्द्रबहादुर सिवाकोटीले बताए । यस्ता घटनाका कारण विभाग पैसा उठाउने कार्यालयजस्तो भएको उनको भनाइ छ । 'विभागको काम कानुनबमोजिम रोजगारीमा जानेलाई सुसूचित गर्ने हो । यो त ठगीमा परेकाहरूको पैसा उठाइदिने कार्यालयजस्तो भइसक्यो,' उनले भने, 'कुनै पनि काम कानुनी हो कि, अवैध हो कि भन्ने नबुझी लहैलहैको पछि दौडने गर्नाले ठगीका घटना बढेको छ । अवैधानिक भनेपछि नागरिकले जान्नुपर्ने कुरा हो ।'

# जग्गा 'रजिस्ट्रेसन' नहुँदा प्रादेशिक अस्पताल समस्यामा

**सिरहा (प्रस)**– सिरहाको लहानस्थित रामकुमार उमाप्रसाद स्मारक प्रादेशिक अस्पतालले आफ्नो नाममा जग्गा नआउँदा समस्या भोगिरहेको छ । अस्पताल सञ्चालनका लागि करिब ५० वर्षअघि दाताबाट प्राप्त गरेको एक बिघा १५ कट्ठा जग्गा अझैसम्म अस्पतालको नाममा रजिस्ट्रेसन नहुँदा संघीय र प्रदेश सरकारबाट आउने बजेट फिर्ता हुन थालेको छ ।

अस्पतालका प्रमुख डा. रञ्जितकुमार झाका अनुसार मुरारका र सारडा परिवारले उक्त जग्गा दान र अस्पतालको निर्माणसमेत गरिदिएका थिए । तर जग्गा हालसम्म सरकारी नाममा दर्ता नहुँदा अस्पतालको भौतिक पूर्वाधार विकासमा अवरोध आइरहेको छ । 'जग्गा रजिस्ट्रेसन नहुँदा संघीय र प्रदेश सरकारबाट प्राप्त बजेट फिर्ता जान थालेको छ, जसका कारण आवश्यक भौतिक पूर्वाधार निर्माण हुन सकेको छैन । यसले अस्पतालको सेवा र विस्तार दुवै प्रभावित भएको छ,' अस्पतालका प्रमुख झाले भने, 'दाता परिवारले दान दिएको जग्गा निःशुल्क र दानको भावनाअनुसार हो । राज्यले कम्तीमा राजस्व मिनाहा गरेर अस्पतालको विकासको बाटो खोलिदिनु पर्दछ ।'

दाता परिवारका मुरारीलाल मुरारकाले दान गरेको उक्त जग्गाको चार करोडभन्दा बढी राजस्व मिनाहाका लागि प्रदेश सरकारसँग आग्रह गरेपछि पत्राचार भए पनि संघीय सरकारमा पहल नभएको गुनासो गरे । उनले भने, 'हामीले नाफा नचाही जनस्वास्थ्यको हितमा अर्बौं मूल्यको जग्गा अस्पतालका लागि दान गरेका हौं । तर, अहिले प्रशासनिक झण्झटका कारण त्यो योगदान अलपत्र परेको छ । यसले हामी दाताको भावना पनि चोट पुगेको महसुस भइरहेको छ ।'

उनले दुई वर्षदेखि सरकारी निकाय पत्राचारमै रुमल्लिरहेको भन्दै अगाडि भने, 'राजस्व मिनाहा गरिदिनका लागि प्रदेश सरकारले पहल गरे पनि संघीय सरकारले ढिलाइ गरिरहेको छ । सरकारले हामीजस्ता दातालाई सहयोग गर्ने होइन, झन झण्झटमा पार्ने हो भने समाजसेवामा अरू कसरी अघि बढ्छन् ?'

मधेस प्रदेशका स्वास्थ्य तथा जनसंख्यामन्त्री शत्रुधनप्रसाद सिंहका अनुसार प्रदेश सरकारले राजस्व मिनाहाका लागि सिफारिस गरे पनि संघीय सरकारबाट निर्णय नआएकै कारण रजिस्ट्रेसन प्रक्रिया अलपत्र परेको हो ।

'लहानस्थित प्रादेशिक अस्पताल प्रदेशकै प्रमुख एक स्वास्थ्य संस्था हो । त्यसको स्तरोन्नति र सेवा विस्तारका लागि जग्गा रजिस्ट्रेसन आवश्यक भएकाले प्रदेश सरकारले राजस्व मिनाहाको सिफारिस संघीय सरकारलाई गरिसकेको छ,' उनले भने, 'तर, संघीय सरकारको अर्थ मन्त्रालयमा प्रक्रिया रोकिएको छ । त्यहाँबाट सहमति नआउँदा रजिस्ट्रेसन अघि बढ्न सकेको छैन ।' प्रदेश सरकारको प्राथमिकता अस्पताल स्तरोन्नति गर्ने भए तापनि कानुनी अड्चनले त्यो अभियानमा ढिलाइ भएको उनको भनाइ छ ।

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८२/०३/३२**

यस कम्पनीको मिति २०८२।०२।१९ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साबिक कम्पनी Hotel Shankar Pvt.Ltd. (प्रा.लि. नं. ४७०९१) को नामबाट सृजना भएको एवं उक्त नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु/व्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने/व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८२।०३।१२ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी Hotel Shanker Pvt.Ltd. कायम गरिएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## गोकर्णेश्वर नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**
**जोरपाटी, काठमाडौं**
**बागमती प्रदेश, नेपाल**

**विद्यालयको शेयरवाला र स्थान परिवर्तन सम्बन्धमा ३५ दिने दावी विरोध सम्बन्धी सूचना ।**

**प्रकाशित मिति २०८२/०३/३२ गते**

निर्माण पूर्व प्राथमिक विद्यालय गोकर्णेश्वर-५, काठमाडौंले विद्यालयको शेयरवाला ईश्वरी आचार्य गो.न.पा ५, काठमाडौं अब उप्रान्त मोरङ जिल्ला साविक बुधनगर गा.वि.स.वडा नं.४ परिवर्तित विराटनगर म.न.पा.वडा नं.१८ को नाममा कायम हुने शेयरवाला कायम गरिदिन निवेदन प्राप्त भई कम्पनी रजिष्टारको कार्यालय त्रिपुरेश्वर, काठमाडौंबाट शेयरवाला परिवर्तन भएको साथै उक्त विद्यालयको स्थान गो.न.पा.५,काठमाडौंबाट गो.न.पा.७, काठमाडौं कायम गर्ने माग भई आएकोले शेयरवाला परिवर्तन र स्थान परिवर्तनसँग सम्बन्धित कोही कसैको **दाबी विरोध** भएमा यो सूचना प्रकाशन भएको मितिले **३५ दिनभित्र** गो.न.पा.शिक्षा, युवा तथा खेलकूद शाखामा स-प्रमाण दाबी पेश गर्ने सम्बन्धमा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको समयावधिभित्र स-प्रमाण दाबी विरोध पेश नभएमा माग बमोजिम नियमानुसार भै जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

## प्रमाणपत्र हराएको सूचना

मिति २०८२/०२/१७ गते पुरानो बानेश्वरदेखि चावहिलसम्म जाँदा मेरो निम्न व्यहोरा भएको प्रमाण पत्रहरू साथै सक्कली माइग्रेशन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरी दिनु हुनु अनुरोध गर्दछु ।

**तपसिल**

**नाम** : Chandrasingh Khadka
**कलेज नाम** : Amar Jyoti Secondary School
**ठेगाना** : Birendra Nagar Surkhet
**रजिष्ट्रेशन नं.** 735905012
**सिम्वोल नं.** 25900580
**Migration Serial No.**: 220990
**फोन नं.** : 9840844117

## मोटरसाइकल हराएको सूचना

मिति २०८२।०१।२३ गते भक्तपुर, भक्तपुर न.पा-०१, सल्लाघारी स्थित पुल नजिक पार्किङ गरिराखेको रातो, कालो रङ्को Bajaj Pulsar मोटरसाइकल साँझको अन्दाजी ६:३० बजेको समयमा हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**सवारी धनीको नाम : रिना विल्डर्स एण्ड सप्लार्यस**
**बाइक नं.: बा.प्र. ०२-०५७ प ३६४६**
**च्यासिस नं.: MD2A13FX7SCM81644**
**इन्जिन नं. : DKYCS13FX713450**
**ठेगाना : भक्तपुर, सुर्यविनायक न.पा-५, चुनदेवी**
**सम्पर्क नं. ९८५१०४१८४९**

## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष १२ अंक ८३ असार ३१ गते २०८२ मा प्रकाशित **Happy Nepal Employment Pvt. Ltd** को **Sun Force Security Sdn Bhd** कम्पनीको Lot No. 327044 विज्ञापनमा बस्ने सुविधा छ हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको जानकारी गराइन्छ ।

HAPPY NEPAL EMPLOYMENT PVT. LTD
Maharajgunj-3, 2 No. Gate President House Kathmandu, Nepal, Tel: +977-1-4535733/4538533, Mob: 9810124818, 9847364227, Kalyan Thapa: 9840510091, 9851194513, Email: happynepalemployment@gmail.com, Web: www.happynepalemployment.com.np
Branch Office: Prithivichowk-8, Pokhara, Kaski, Mob: 9806625652, Email: happynepalemploymentpvtltdpokh@gmail.com

## कनकाई नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**
**जमुनबारी झापा, कोशी प्रदेश, नेपाल**

**आन्तरिक आयको विद्युतीय बोलपत्र आह्वानको सूचना तथा जानकारी**

*सूचना प्रकाशित मितिः २०८२/०३/३२ गते*

१. कनकाई नगरपालिका अन्तर्गत आ.व.२०८२/८३ को आन्तरिक आय सङ्कलन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आन्तरिक आय सङ्कलन (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि २०७५ तथा नगर कार्यपालिकाको निर्णयानुसार बोलपत्रको माध्यमबाट योग्य फर्म/कम्पनी छनौट गर्नुपर्ने भएको हुनाले तपसिल कार्यको लागि इच्छुक सम्पूर्ण कम्पनी/फर्मको जानकारीको लागि विद्युतीय बोलपत्र आह्वानको सूचना प्रकाशित गरिएकोछ। बोलपत्र सम्बन्धी मूख्य विवरण तपशिल बमोजिम रहेको छ :

**तपसिल :**

| क्र.सं. | सम्झौता सङ्केत नं. | कार्य तथा अन्तरिक आय सङ्कलन क्षेत्र | आ.व. २०८२/८३ को लागि न्यूनतम रकम मू.अ.क सहित (रु.) | बोलपत्र पेश गर्ने अन्तिम मिति तथा समय | बोलपत्र फाराम शुल्क | बोलपत्रको मान्य हुने अवधि | बोलपत्र जमानत रकम (बैंक जमानत वा धरौटी खातामा नगद जम्मा) | बोलपत्र जमानतको मान्य हुने न्यूनतम अवधि |
|---|---|---|---|---|---|---|---|---|
| १. | KANAKAI/IR/2082/83-03 | दुर्गापुर बजार सम्पूर्ण क्षेत्र, क.न.पा, वडा नं.७ | १,५०,०००।- | २०८२ साउन ७ गते, मध्यान्ह १२:०० बजे | रु.१००० | ४५ दिन | कबोल रकमको न्यूनतम ५ प्रतिशत | ७५ दिन |

२. उल्लेखित कार्य संग सम्बन्धित थप जानकारी यस नगरपालिकाबाट प्राप्त गर्न सकिने छ। बोलपत्र सम्बन्धी फारम तथा विस्तृत विवरण सार्वजनिक खरिद अनुगमन कार्यालयद्वारा संचालित विद्युतीय खरिद प्रणाली https://bolpatra.gov.np/egp मा उपलब्ध छ।


## साउदीमा रोजगार

कम्पनी : NAME CONTRACTING CO

पूर्व स्वीकृति मिति : २०८२/03/१३ | LT. No. 326768 | चलानी नं. ६०२४०८०६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading and unloading worker/ helper | 20 | 0 | 1000 | ३६,६२१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ साउन ७ गते (23th July 2025), एशियन पार्टी प्यालेस बुटलमा मितिः २०८२ साउन ७ गते (23th July 2025), ग्र्याण्डप्यासिफक होटल झापामा मितिः २०८२ साउन ७ गते (23th July 2025) र मुनाल ट्रेनिङ सेन्टर इटहरीमा मितिः २०८२ साउन ७ गते (23th July 2025) मा हुनेछ

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 615/063/64
BROTHERS INTERNATIONAL EMPLOYMENT PVT. LTD. (The Link For Recruitment Consultancy Pvt.ltd.)
Gongabu-26, Kathmandu, Nepal, Contact: +977 5919811 / 5919812, E-mail : info@biegroups.com, Web: www.biegroups.com
Butwal: 9802676987 Jhapa: 9801401300 | 9801427301 | 9801427304, Kathmandu 9851122190 | 9851041811 | 9805865194 | 9805865193 | 9805865192 | 9823301035 | Itahari Contact No: 9816368105/9810591900

## कुवेतमा रोजगार

कम्पनी : ALGHANIM INTERNATIONAL GENERAL TRADING & CONTRACTING CO. W.L.L.

पूर्व स्वीकृति मिति : २०८१/०८/१३ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/03/३१ | LT. No. 314528 | चलानी नं. ६०२२८९०४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 0 | 10 | 135 | ६०,८५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Heavy Duty Driver | 29 | 0 | 200 | ९०,१६० | | | | | | | |
| 3 | Heavy Equip Operator | 7 | 0 | 220 | ९९,१७५ | | | | | | | |
| 4 | Labour | 87 | 0 | 95 | ४२,८२५ | | | | | | | |
| 5 | Security Guard/guard | 25 | 0 | 135 | ६०,८५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ साउन ७ गते (23rd July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ५५९/०६२/०६३
Swift Gurkha International Pvt. Ltd.
Samakhusi, Tokha Road, Ktm, Nepal. Tel: +9771 4352128, 4389471, 4350987, Fax: +977-1-4350534

## युएइमा रोजगार

कम्पनी : YAAZH INIYAN TECHNICAL SERVICES CO. L.L.C

पूर्व स्वीकृति मिति : २०८२/03/३० | LT. No. 326886 | चलानी नं. ६०२४१०१६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BRICKLAYER | 3 | 0 | 1200 | ४४,९९७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Concrete Masons | 3 | 0 | 1200 | ४४,९९७ | | | | | | | |
| 3 | Finishing Carpenter | 3 | 0 | 1200 | ४४,९९७ | | | | | | | |
| 4 | Painter | 2 | 0 | 1200 | ४४,९९७ | | | | | | | |
| 5 | Plumber | 3 | 0 | 1200 | ४४,९९७ | | | | | | | |
| 6 | Steal Fixer | 5 | 0 | 1200 | ४४,९९७ | | | | | | | |
| 7 | STONE MASON | 3 | 0 | 1200 | ४४,९९७ | | | | | | | |
| 8 | TILE LAYER. | 3 | 0 | 1200 | ४४,९९७ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ साउन ७ गते (23th July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SUN RAY GLOBAL OVERSEAS PVT. LTD.
Kathmandu-9, Sinamangal. Tel: +977-1-4560974, 4564202,
Email: sunray918@gmail.com, srgoverseas@gmail.com
LIC No. 918/067/68

# बिपी राजमार्गमा राति १२ घण्टा यातायात सञ्चालनमा रोक



फाइल तस्बिर

**काभ्रेपलाञ्चोक (प्रस)–** बिपी राजमार्गअन्तर्गत काभ्रेपलाञ्चोक–खण्डमा आगामी साउन १ गतेदेखि रातिको समयमा १२ घण्टा यातायात सञ्चालनमा रोक लगाइएको छ ।

धुलिखेलस्थित जिल्ला प्रशासन कार्यालयमा मंगलबार बसेको सुरक्षा समिति बैठकले उक्त सडकखण्डको काभ्रेभञ्ज्याङदेखि सिन्धुलीको सिमाना नेपालथोकसम्म एक महिनाका लागि सडक सञ्चालनमा रोक लगाउने निर्णय गरेको हो । कार्यालयले मनसुन सक्रिय रहेकाले सम्भावित विपद्जन्य घटना हुनसक्ने भन्दै जोखिम न्यूनीकरणका लागि उल्लेखित क्षेत्रमा साँझ ५:०० बजेदेखि बिहान ५:०० बजेसम्म एक महिनाका लागि यातायात सञ्चालनमा रोक लगाएको जनाएको छ ।

यसअघि यही असार ६ गते काभ्रेपलाञ्चोक, सिन्धुली र रामेछाप जिल्ला सुरक्षा समिति, अन्तरजिल्ला समन्वय समितिको बैठकले बिपी राजमार्गमा सुरुमा असार ७ गतेदेखि साँझ ६:३० बजेदेखि बिहान ६:०० बजेसम्म र पछि त्यसलाई असार मसान्तसम्म निरन्तरता दिँदै यातायात सञ्चालनमा रोक लगाएको थियो ।

काभ्रेपलाञ्चोकका प्रमुख जिल्ला अधिकारी उमेश ढकालले वर्षामा बाढीपहिरोकोजोखिमभएकालेकाठमाडौंबाट जाने सवारीलाई काभ्रेपलाञ्चोकको काभ्रेभञ्ज्याङ र काठमाडौंतर्फ आउने सवारीलाई सिन्धुलीको सिमाना नेपालथोकमा रोकिने बताए । गत वर्ष असोजको बाढीपहिरोले बिपी राजमार्गअन्तर्गत काभ्रेपलाञ्चोकको चौकीडाँडादेखिसिन्धुलीकोबर्खेखोलासम्मको आठ किलोमिटर सडकखण्डमा क्षति भएको थियो । त्यसपछि सडक नै बगाएका कारण खोलामा कतै एकतर्फ, कतै दुईतर्फी यातायात सञ्चालन हुनेगरी अस्थायी सडक सञ्चालनमा ल्याइएको थियो । पूर्वी नेपाल जोड्ने छोटो दूरीको उक्त राजमार्गबाट दैनिक सयौं यातायातका साधन आउजाउ गर्छन् ।

बाढीपहिरोले राजमार्गको कूल १६० किलोमिटरमध्ये तेस्रो खण्डअन्तर्गत सिन्धुलीको खुर्कोटदेखि नेपालथोकसम्म ३४ किलोमिटर र चौथो खण्ड नेपालथोकदेखि काभ्रेपलाञ्चोकको धुलिखेलसम्म ५० किलोमिटर गरी ८४ किलोमिटर सडकको विभिन्न स्थानमा क्षति पुऱ्याएको डिभिजन सडक कार्यालय भक्तपुरले जनाएको छ । कार्यालयले क्षतिग्रस्त राजमार्ग स्थायी निर्माणका लागि चार खण्डमा ठेक्काको प्रक्रियासमेत अघि बढाइरहेको जनाएको छ ।

## बालश्रम शोषण ग्रामीण क्षेत्रमा धेरै

■ प्रभाव संवाददाता

**काठमाडौं–** ग्रामीण क्षेत्रमा बालश्रम शोषण सहरी क्षेत्रमा भन्दा धेरै रहेको पाइएको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले मंगलबार सार्वजनिक गरेको 'राष्ट्रिय बालश्रम निवारण प्रतिवेदन'मा ग्रामीण क्षेत्रका २२.३ प्रतिशत बालबालिका श्रम शोषणमा गर्ने गरेको औंल्याइएको हो । यद्यपि, पछिल्लो समय बालश्रम शोषण घट्दै गएको प्रतिवेदनमा उल्लेख छ ।

सहरी क्षेत्रमा यस्तो शोषण ९.२ प्रतिशत रहेको पाइएको छ । प्रदेशगतरूपमा सबैभन्दा धेरै कर्णाली प्रदेशमा २४.४ प्रतिशत र कम मधेश प्रदेशमा ११.५ प्रतिशत रहेको प्रतिवेदनमा उल्लेख छ । प्रतिवेदन सार्वजनिक गर्दै श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले बालश्रम निवारणका लागि जनस्तरमा व्यापक अभिमुखीकरण गर्नुपर्नेमा जोड दिए । यसका लागि सरोकारवालाको भूमिका महत्त्वपूर्ण रहेको उनले बताए ।

मन्त्री भण्डारीले स्थानीय तहमा रहेका रोजगार संयोजकलाई बालश्रम निवारणमा परिचालित गर्न सकिने बताए । आफूले मन्त्रालयको जिम्मेवारी सम्हाल्दा गरेको प्रतिबद्धताबमोजिम बालश्रमको क्षेत्रमा भएका उपलब्धि समेटी प्रतिवेदन प्रकाशन गर्न सकेकामा उनले खुसी व्यक्त गरे ।

मन्त्रालयका सहसचिव प्रदीपकुमार कोइरालाले विभिन्न मन्त्रालय र सरोकारवाला निकायले बालश्रम निवारणका क्षेत्रमा गरेका प्रयासलाई एकीकृत गरी प्रतिवेदन सार्वजनिक गरिएको स्पष्ट पारे । सहसचिव डण्डुराज घिमिरेले बालश्रमसँग सम्बन्धित विभिन्न क्रियाकलाप समेटिएको सो प्रतिवेदन यस क्षेत्रको उपलब्धि भएको बताए । प्रतिवेदनअनुसार हालसम्म मुलुकभरका विभिन्न १० वटा स्थानीय तह बालश्रममुक्त घोषणा भएका छन् ।

# देशभर पूर्णखोप घोषणा

**काठमाडौं (प्रस)–** काठमाडौं, नुवाकोट, रसुवा, सुनसरी, डोल्पा र कैलाली जिल्लाले सोमबार एकैदिन पूर्णखोप सुनिश्चितताको दिगोपना घोषणा भएसँगै सबै जिल्ला पूर्णखोप घोषणा भएका छन् ।

परिवार कल्याण महाशाखा, बालस्वास्थ्य तथा खोप शाखाका प्रमुख डा. अभियान गौतमका अनुसार नेपालमा पूर्णखोप सुनिश्चितता तथा दिगोपना घोषणा गर्ने कार्य करिब दुई दशकअघिदेखि सुरु गरिएको थियो । एकै आर्थिक वर्षमा सबै जिल्ला पूर्णखोप घोषणा भएको यो पहिलोपटक हो । नेपालमा सुरुमा पाल्पा पूर्णखोप जिल्ला घोषित भएको थियो ।

'पूर्णखोप सुनिश्चतता तथा दिगोपना घोषणा केवल घोषणामात्र होइन, बालबालिकाको स्वास्थ्य सुरक्षाका लागि गरिएको एउटा महत्त्वपूर्ण कदम हो,' शाखाका प्रमुख डा. गौतमले भने, 'यो नेपालका लागि ठूलो सफलताको हो ।'

परिवार कल्याण महाशाखाका प्रमुख डा. विवेक लालले पूर्णखोप सुनिश्चितता तथा दिगोपना घोषणा स्वास्थ्यकर्मी एवं महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको समर्पण, स्थानीय जनप्रतिनिधिको नेतृत्व एवं अपनत्व, अभिभावकको विश्वास र समुदायको सहकार्यले भएको बताए ।

हरेक वर्ष घरदैलो कार्यक्रम गरी खोज र खोप अभियानअन्तर्गत दुई वर्षमुनिका बालबालिकाले १५ महिनाभित्र लगाउनुपर्ने सबै खोपको पूर्णमात्रा पाए/नपाएको पहिचान गरिन्छ । खोप लगाउन छुट भएका ती बालबालिकालाई सबै खोपको पूर्णमात्रा पाएको सुनिश्चित गर्दै 'पूर्णखोप सुनिश्चितता तथा दिगोपना घोषणा' गरिन्छ ।

शाखा प्रमुख डा. गौतमका अनुसार पूर्णखोपका लागि जन्मेदेखि १५ महिनासम्मका बालबालिकालाई नौ प्रकारका खोप दिइने गरिन्छ । ती नौ प्रकारका खोप सातपटकमा १८ मात्रा खोप लगाउने गरिन्छ । ती नौ प्रकारका खोप विभिन्न १३ वटा रोगका विरुद्ध रहने गरेको उनले बताए । जन्मनेबित्तिकै क्षयरोगविरुद्धको बिसिजी खोप र १५ महिना पुगेपछि दादुरा-रुबेला र टाइफाइड रोगविरुद्धको खोप दिइने गरिन्छ । वडा पूर्णखोप घोषणा गर्ने बेलामा वडाले पालिकामा प्रस्ताव पठाउँछ, पालिकाले अनुगमन गरेर वडालाई घोषणाको अनुमति दिन्छ ।

त्यसैगरी, पालिकाले जिल्ला खोप समन्वय समितिलाई प्रस्ताव पठाउँछ र जिल्ला खोप समन्वय समितिले अध्ययन, अनुगमन प्रमाण हेरेपछि पूर्णखोप घोषणा गर्नका लागि अनुमति दिन्छ । जिल्लाले प्रदेश खोप समन्वय समितिलाई प्रस्ताव पठाउँछ, अनि प्रदेश खोप समन्वय समितिले अध्ययन, अनुगमन गरेपछि घोषणा गर्ने अनुमति दिन्छ । प्रदेशले संघीय राष्ट्रिय खोप समन्वय समितिलाई त्यसैगरी पठाउँछ ।

सबै जिल्ला पूर्णखोप घोषणा गर्नका लागि विश्व स्वास्थ्य संगठन, 'खोपका लागि ग्लोबल एलायन्स' (गाभी), युनिसेफलगायतका साझेदार संस्थाको सहयोग रहेको शाखा प्रमुख डा. गौतमले बताए ।


## आठराई त्रिवेणी गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
हाङपाङ, ताप्लेजुङ
कोशी प्रदेश,नेपाल

**आन्तरिक आय ठेक्का बन्दोबस्ती सम्बन्धी दरभाउपत्र आह्वानको सूचना !**

*(प्रथम पटक प्रकाशन मिति २०८२/०३/३२ गते)*

आठराई त्रिवेणी गाउँपालिकाले लगाउन सक्ने देहायको कर/शुल्क सम्बन्धी आन्तरिक आय ठेक्का आ.व. २०८२/०८३ आ.व.को लागि आय ठेक्का बन्दोबस्ती गर्नुपर्ने भएकोले इच्छुक फर्म, कम्पनी वा संस्था लगायत सम्बन्धित सबैमा निम्न शर्तहरूको अधिनमा रही रितपूर्वक दरभाउपत्र आह्वानका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

| S. N. | Contract ID No. | Name of Contract | Estimated Amount (Excluding VAT) NRs | Bid Security Amount NRs. | Bid Document Fee (Non-refundable) NRs | Remarks |
|---|---|---|---|---|---|---|
| 1. | ATRM/SQ/ REVENUE/ 01/82/83 | Internal Revenue Collection Work of stone, sand and gravel from Tamor and Maiwa River(Khuwatar Basi- Aambhotey Dovan of Tamor-Maiwa) | 8,64,221.34 | 25,900.00/- | 1,000.00/- | |
| 2. | ATRM/SQ/ REVENUE/ 02/82/83 | Internal Revenue Collection Work of stone, sand and gravel from Tamor River(Kabeli-Tamor Dovan to Limbuni pul except 1km from bridge) | 6,54,098.87 | 19,600.00/- | 1,000.00/- | |
| 3. | ATRM/SQ/ REVENUE/ 03/82/83 | Internal Revenue Collection Work from herbs, live animals, scrap materials and vehicles travelling outside from Palika. | 3,56,050 | 10,000.00/- | 1,000.00/- | |

**शर्तहरूः**

- दरभाउपत्र फाराम यो सूचना प्रकाशित भएको मितिले १६औं दिनको १२:०० बजेभित्र माथि उल्लेख भएको ठेक्का फारम खरिद दस्तुर वापत रु.१००० (एक हजार) फिर्ता नहुने गरी फर्म/कम्पनी वा संस्थाको नामबाट राजस्व दाखिला फाराम भरी राष्ट्रिय वाणिज्य बैंकमा रहेको आठराई त्रिवेणी गाउँपालिकाको आन्तरिक राजस्व खाता नं. २६७०१००३०१०१०००२ (Account Name : AATHRAI GA. PA. (GA-1-1)-AANTARIK RAJ, Office Code: 80101501300, Revenue Code : 14229) मा जम्मा गरी कार्यालयबाट नै Hard Copy निवेदन पेश गरी खरिद गर्न सकिनेछ ।
- दरभाउपत्र फारामखरीद कर्ता, फर्म/कम्पनी वा संस्था भएमा आ.व.०८०/८१ को नविरकरण सहितको संस्थादर्ता प्रमाणपत्र, आ.व २०८०/८१ को करचुक्ताको प्रमाणपत्र, PAN/VAT दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि समेत पेश गरी दरभाउपत्रपेश गर्नुपर्नेछ ।
- एक फर्म/कम्पनी वा संस्थाको नामबाट खरीद गरि अर्को फर्म/हहकम्पनी वा संस्थाको नामबाट दरभाउपत्र दाखिला गर्न पाइने छैन । दरभाउपत्र पेश गर्दा दरभाउपत्र खरीद दस्तुर बुझाएको सक्कलै भौचर अनिवार्य पेश गर्नु पर्नेछ ।
- दरभाउपत्र फाराम १६औं दिनको १२ बजे भित्र कार्यालयमा दर्ता गरिसक्नु पर्ने छ । दरभाउपत्र सोही दिन दिनको १ बजे यस कार्यालयमा खोलिनेछ ।
- दरभाउपत्र खोल्दा दरभाउपत्रदाता स्वयम् वा निजको आधिकारिक प्रतिनिधिको रोहवरमा खोलिनेछ । उक्त समयमा दरभाउपत्रदाता स्वयम् वा निजको प्रतिनिधि उपस्थित नभएमा दरभाउपत्र खोल्न कुनै वाधा पर्ने छैन ।
- दरभाउपत्रको आर्थिक पक्षको मुल्याङ्कन बडिबडाउमा हुने छ र सबैभन्दा बडी अंक कबोल गर्ने दरभाउपत्रदाताको दरभाउपत्र स्विकृत हुनेछ ।
- दरभाउपत्र फारामका साथ आफूले कवोल गरेको ठेक्का अंकको उल्लेखित दरभाउपत्रको धरौटी वापतको रकम आठराई त्रिवेणी गाँउपालिकाको कार्यालयको राष्ट्रिय वाणिज्य बैंक लि. मा रहेको धरौटी खाता नं. २६७०१००३०३००००२ (Name of Account : AATHRAI GA.PA (GA-3) - DHARAUTI ACCOU) मा फर्म/कम्पनी वा संस्थाको नामबाट नगद जम्मा गरेको सक्कल भौचर वा दरभाउपत्र पेश गर्ने अन्तिम मिति देखी कम्तिमा ७५ दिन म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैंकवा वित्तिय संस्थाबाट यस कार्यालयको नाममा जारी गरिएको जमानी पत्र (Bid Bond) पेश गर्नु पर्नेछ । सो जमानी पत्र/भौचरमा सम्बन्धित ठेक्कपट्टा नं.र कामको विवरण उल्लेख भएको हुनुपर्नेछ। सम्झौता सम्पन्न भएपछि मात्र जमानत वापतको रकम फिर्ता गरिनेछ ।
- दरभाउपत्र स्वीकृत भइसके पछि दरभाउपत्रदाताले एकमुष्ट ठेक्का रकम बुझाउन सक्नेछ । यदि ठेक्का रकम किस्ता बन्दीमा बुझाउन चाहेमा तीन किस्ता भित्रमा रकम बुझाई सक्नु पर्नेछ । सम्झौता गर्दा पहिलो किस्ता वापत ४०% रकम सम्झौता गरेकै समयमा अनिवार्य बुझाउनु पर्नेछ । बाँकी किस्ताको हकमा ३०% ले हुने रकम २०८२ पुष मसान्त भित्र र बाँकी ३० प्रतिशतले हुने रकम २०८३ बैशाख मसान्त भित्र कार्यालयमा बुझाई सक्नु पर्नेछ ।
- दरभाउपत्रदाताले कवोल गरेको रकम एकमुष्ठ नगदै यस कार्यालयमा जम्मा गरेमा कार्यसम्पादन जमानत (Performance Bond) आवश्यक पर्ने छैन र किस्तामा बुझाउनेको हकमा प्रथम किस्ता बुझाई बाँकी दोस्रो र तेस्रो किस्ता रकमको हकमा सो किस्ता बराबरको २०८३ भाद्र मसान्तसम्म म्याद रहनेगरी यस कार्यालयको नाममा जारी भएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त 'क' वर्गका बैंक वा वित्तिय संस्थाले जारी गरेको बैंक कार्यसम्पादन जमानत (Performance Bond) पेश गरेपछि मात्र चलान पूर्जी दिइनेछ ।
- ठेक्का अवधिमा कुनै बाधा अड्चन आइपरेमा वा दरभाउ-पत्र दाता र कार्यालयवीच अस्पष्टता भएमा प्रचलित ऐन, कानुन तथा नियम र सम्झौताको शर्त तथा गाउँ कार्यपालिकाको निर्णय अनुसार हुनेछ ।
- ठेक्काको अवधि आ.व. २०८२/०८३ को २०८३ जेठ मसान्त सम्मको लागि हुनेछ ।
- यस कार्यालयबाट विगत वर्षहरूमा लगाइएको ठेक्काको रकम बुझाउन बक्यौता रहेका व्यक्ति फर्म वा संस्थाको दरभाउपत्र स्वीकृत हुने छैन ।
- प्रचलित कानुन बमोजिम नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहलाई तिर्नु बुझाउनु पर्ने कर, दस्तुर दरभाउपत्रदाता स्वयमले व्यहोर्नु पर्नेछ ।
- दरभाउपत्रदाताले गाँउपालिकाले तोकेको कर, तोकिएको संङ्कलन केन्द्रबाट तोकिएको दररेट अनुसार मात्र संकलन गर्नुपर्नेछ ।
- दरभाउपत्रको अन्य कागजतमा (भाषागत समेत) त्रुटी भएमा वा विषय वा प्रसँगले अन्य अर्थ लागेमा कार्यालयले कुनै बेला सच्याउन बाधा पर्ने छैन । कार्यालयको हितलाई ध्यानमा राखी दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक रूपमा स्वीकृत गर्ने वा सूचनानै रद्द गर्ने लगायतका सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
- यस ठेक्कासम्बन्धी विस्तृत जानकारीको लागि कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

**नि. प्रमुख प्रशासकीय अधिकृत**



**साउदीमा रोजगार** कम्पनी : THEEB PACK PAPER PRODUCTS FACTORY COMPANY

पूर्व स्वीकृति मिति : २०८२/03/30 | LT. No. 327046 | चलानी नं. ६०२४०९९८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading & Unloading Workers | 1 | 0 | 1000 | ३६,७२१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन ७ गते (23th july 2025) सम्म हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt.Lic.No 1096/073/74
YATRA H.R. SOLUTION PVT. LTD.
Old Baneshwor-09, Kathmandu, Nepal, T: +977-1-4114682, +977-1-4114683, 9851046305
Email:- info@yatrahrsolution.com, yatrahr2017@gmail.com, Web: www.yatrahrsolution.com



**साउदीमा रोजगार** कम्पनी : ORIENT ARABIA FOR LAND TRANSPORTATION

पूर्व स्वीकृति मिति : २०८२/03/30 | LT. No. 327048 | चलानी नं. ६०२४०९९३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Light, Heavy Driver | 1 | 0 | 1800 | ६६,०९८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन ७ गते (23th july 2025) सम्म हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Munal Overseas Pvt. Ltd.
श्रम इजाजत नं. ४६५/०६०/०६१
Kalamatidole, Airport, Ktm, Nepal. Tel.: +977-01-4561297, 4562046, 9806758605



**साउदीमा रोजगार** कम्पनी : ALI MOHAMMED AL REBAH EST

पूर्व स्वीकृति मिति : २०८२/03/30 | LT. No. 327047 | चलानी नं. ६०२४१००९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load & Unloading Workers | 1 | 0 | 1000 | ३६,७२१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन ७ गते (23th July 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Cosmo International Overseas Pvt. Ltd. (Overseas Employment Consultants)
Govt. License 280/058/059
Minbhawan, Kathmandu, Nepal, Tel : +977-1-4115190, 4115191 Fax : +977-1-4115189
E-mail : cosmointlpvt@gmail.com, kcshym_2008@yahoo.com Web : www.cosmointernational.com.pn



**जापानमा रोजगारको अवसर** कम्पनी : ITO COOPERATIVE

पूर्व स्वीकृति मिति : २०८२/03/30 | LT. No. 327071 | चलानी नं. ६०२४१०२०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Welding | 1 | 0 | 186680 | १,७३,७५८ | क.नि. अनुसार | ७ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

■ प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निम्ति सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु:
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिको सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रुपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः ५०,०००
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

नोटः वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:
■ १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन ७ गते (23rd July 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

GRACE OVERSEAS PVT. LTD.
Chappalkarkhana-04, Kathmandu, Nepal, Tel : +977-01-4526853, Mobile: 9851086232, 985-2071785
Email: infograceoverseas@gmail.com, Web: www.graceoverseas.com.np
Govt. License 852/066/067



**युएइमा रोजगार** कम्पनी : RR FACILITY MANAGEMENT - SOLE PROPRIETORSHIP L.L.C

पूर्व स्वीकृति मिति : २०८१/१२/१७ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/03/31 | LT. No. 321413 | चलानी नं. ६०२३५४८१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 20 | 0 | 1200 | ४४,८७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Electrician. | 8 | 0 | 1300 | ४८,६१० | | | | | | | |
| 3 | Laundry Man | 48 | 0 | 1000 | ३७,३९५ | | | | | | | |
| 4 | Maintenance Helper | 7 | 0 | 1000 | ३७,३९५ | | | | | | | |
| 5 | Office Boy | 10 | 0 | 1000 | ३७,३९५ | | | | | | | |
| 6 | Office Cleaner | 1 | 0 | 1000 | ३७,३९५ | | | | | | | |
| 7 | Painter | 10 | 0 | 1200 | ४४,८७० | | | | | | | |
| 8 | porter/helper | 25 | 0 | 900 | ३३,६५५ | | | | | | | |
| 9 | Room Boy | 13 | 0 | 1000 | ३७,३९५ | | | | | | | |

कम्पनी : ALHASSANAIN B.S.C CLOSED - ABU DHABI

पूर्व स्वीकृति मिति : २०८२/01/07 | पुन विज्ञापन स्वीकृति मिति : २०८२/03/31 | LT. No. 322225 | चलानी नं. ६०२३६२९६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 40 | 0 | 2000 | ७४,७९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Heavy Trucks Driver | 18 | 0 | 2200 | ८२,२६५ | | | | | | | |
| 3 | Welder | 3 | 0 | 1600 | ५९,८३० | | | | | | | |
| 4 | Worker / Labourer | 62 | 0 | 1500 | ५६,०९० | | | | | | | |

कम्पनी : IMDAAD LLC

पूर्व स्वीकृति मिति : २०८२/03/30 | LT. No. 327067 | चलानी नं. ६०२४१०२७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CLEANER (GENERAL) | 150 | 50 | 1000 | ३७,३९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन ७ गते (23rd July 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt.Lic.No 1728/081/82
RELIABLE MANPOWER RECRUITMENT PVT LTD
Sinamangal-9, Kathmandu, Nepal, (50 Meter opposite to Hope Hospital) T: 01-5922931/ 5922932/ 5922934
Email:- reception@reliablemanpowernepal.com, Web: www.reliablemanpowernepal.com

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## कहिल्यै नसुध्रिने अध्यागमन

**देशमा रोजगारीको अवसर छैन । युवाहरू दैनिक रोजगारीको खोजीमा नयाँ–नयाँ मुलुकमा निस्कन्छन् । श्रम स्वीकृतिको झण्झटिलो प्रक्रियामा छिर्नुभन्दा उनीहरू दलाललाई केही बढी रकम तिरेर गन्तव्य मुलुक जान्छन् । यो प्रक्रियामा अध्यागमन कार्यालयका अधिकृतहरूको 'सेटिङ' देखिन्छ ।**

**यही प्रकरणका कारण विवादमा तानिएपछि अध्यागमन विभागका हाकिम तीर्थराज भट्टराईलाई रातारात गृह मन्त्रालयले गत जेठ पहिलो हप्ता हटाएको थियो । यो विषय अख्तियार दुरूपयोग अनुसन्धान आयोगले थाहा पाएपछि उनी छानबिनको दायरामा तानिए । भिजिट भिसामा रकम असुली प्रकरण पनि बाहिर आयो । बाहिर भिजिट भिसा प्रकरणमा रकम असुलीबारे छताछुल्ल भए पनि भित्र अध्यागमनका अधिकृतहरू भने सुध्रिने छाँट देखिँदैन । भट्टराईको ठाउँमा पठाएका विष्णुप्रसाद कोइरालाले दुई महिना हुन लाग्दा पनि त्यस विषयमा सुधार गर्न नसकेपछि उनलाई हटाएर गृहले नरहरि घिमिरेलाई पठाएको छ ।**

**कोइरालाको नेतृत्वमा पनि त्रिभुवन विमानस्थलमा खासै सुधार हुन नसकेको प्रस्टै देखिन्छ । उनी त्यहाँ गएपछि भिजिट भिसामा छल्दै भारतहुँदै त कतिपय सोझै श्रम गन्तव्यमा पुगेको देखिन्छ । यो विषय मिलेमतोमा हुने भएकोले बाहिर आउन सकेको छैन । सरकारमा सहभागी मन्त्रीदेखि नयाँ दलका सांसदहरूको समेत यसमा संलग्नता देखिएकाले अहिले मौन देखिन्छ सरकार ।**

**यता अध्यागमनका अधिकारीहरू भने 'नानीदेखि लागेको बानी' छोड्न नसकेझैं यस कार्यमा लागिरहेका छन् । त्यसैले पनि धेरैले अध्यागमनलाई मालदार कार्यालयको रूपमा चिनिन्छ । भिजिट भिसा प्रकरणमा रकम असुलीमा खासै सुधार नआएपछि गृह मन्त्रालयले अध्यागमन अधिकृतहरूलाई एकैसाथ सरुवा गर्ने तयारी पनि गरेको छ ।**

**सरकारले राहदानी बोकेकाहरूलाई सुरक्षाको निम्ति भन्दै जबसम्म छेकबार गरिरहन्छ यो समस्या समाधान हुन्न । भिजिट भिसामा हुने रकम असुली 'ओपन सेक्रेट' हुँदा पनि सरकारले शंकरदास बैरागी नेतृत्वको छानबिन समितिलाई तीन महिनाको समय दिएको छ । अझ यो समितिको सदस्य सचिवमा स्वार्थको द्वन्द्व मिल्नेगरी गृहकै सहसचिव प्रदीप कोइरालालाई राखिएको छ । यसले गर्दा गृहकै कर्मचारीले गर्ने बदनियत ढाकछोप हुने शंका सिर्जना भएको छ । यसरी नै 'चोर पुलिस' को खेल खेल्दै जाने हो भने अध्यागमन सुध्रिदैन । यसका लागि पहिले त स्वतन्त्र व्यक्तिको नेतृत्वमा छानबिन समिति बन्नुपर्छ । अर्को विषय भनेको श्रम गन्तव्य मुलुक जानुपूर्व अपनाउनुपर्ने सरकारी मापदण्डमा सहज बनाउन सरकारले विशेष ध्यान दिनैपर्छ ।**

श्रम सरोकार

## साउदी अरेबियामा रहेका नेपालीहरूले अपनाउनुपर्ने सावधानी

### अज्ञात फोन कल वा मेसेजबाट सचेत रहने

कुनै प्रकारको प्रलोभन देखाइ, चिट्ठा परेको भनी वा बैंक तथा सरकारी कार्यालयको कर्मचारी हो भनी कसैले तपाईंको ओटिपीलगायतका व्यक्तिगत विवरण मागेमा नदिने ।

### मोबाइल सेवा खरिद गर्दा सावधानी अपनाउने

खुला पसलहरू वा अनधिकृत डिलरहरूबाट सिमकार्ड नकिन्ने । मोबाइल सिम कार्ड, इन्टरनेट सेवा, वा किस्ताबन्दी योजनाहरू खरिद गर्दा सम्झौताका सर्तहरू ध्यानपूर्वक अध्ययन गर्ने । सेवा प्रदायक वा एजेन्टहरूसँग माथि उल्लिखित विषयमा सम्झौता गर्दा आफ्नो जानकारीको दुरूपयोग नहुने कुरा सुनिश्चित गर्ने ।

आफ्नो व्यक्तिगत जानकारी र कागजातहरू सुरक्षित राख्ने

आफ्नो इकामा, राहदानी, बैंक विवरण वा अन्य व्यक्तिगत कागजातहरू अनावश्यकरूपमा कसैलाई नदिने । यदि कोही कसैले तपाईंको इकामा मागेमा मागिएको विवरणहरू किन आवश्यक छ भनी पहिले राम्रोसँग बुझ्नुहोस् । तपाईंको कम्पनी वा अन्य कुनै निकाय वा व्यक्तिले कुनै कागजमा तपाईंलाई हस्ताक्षर गर्न भनेमा त्यसमा लेखिएको व्यहोरा बुझेर उचित लागेमा मात्र हस्ताक्षर गर्नुहोस् ।

### अब्शेर खाताको जानकारी सुरक्षित राख्ने

आफ्नो अब्शेर खाताको विवरण, पासवर्ड, वा ओटिपी कसैलाई पनि नदिने । अपरिचित व्यक्तिलाई तपाईंको अबशेर खाता खोल्न, अपडेट गर्न, वा परिवर्तन गर्न सहयोग नमाग्नुहोस् । कसैले सहयोग गर्छु भने पनि त्यस्तो व्यक्तिको सहयोग नलिने । आफ्नो मोबाइल फोन कसैलाई पनि नदिने । प्रायोजक (स्पोन्सर), एचआर कर्मचारी, वा अन्य जो सुकै भए पनि आफ्नो फोनको प्रयोग गर्न अरुलाई नदिने । उनीहरूले तपाईंको जानकारी दुरूपयोग गर्न वा ठगीका लागि प्रयोग गर्न सक्छन् ।

### अनलाइन किनमेल वा वित्तीय कारोबार गर्दा सावधानी अपनाउने

आधिकारिक वेबसाइटहरू वा एप्सबाट मात्र बिलको रकम तिर्ने । आफ्नो डेबिट/क्रेडिट कार्डको विवरण वा अन्य संवेदनशील जानकारी अनधिकृत वा शंकास्पद वेबसाइटहरूमा नबाँड्ने ।

# भारतको बहुआयामिक विकासबाट लाभ लिन सक्नुपर्छ



■ दीपराज सन्याल

❝ मित्रराष्ट्र भारत पनि राष्ट्रिय विकास र समृद्धिको मार्गमा अग्रसर रहेको छ । विश्वको एक उदीयमान आर्थिक शक्ति भारतले पछिल्ला वर्षहरूमा आर्थिक, सामाजिक, विज्ञान-प्रविधि, स्वास्थ्य र पूर्वाधार विकासमा ठूलो प्रगति हासिल गरेको छ । एउटा निकट छिमेकी र भारतसँग 'रोटीबेटी'को विशिष्ट सम्बन्ध रहेको नेपालले आफ्नो दक्षिणी छिमेकी र विश्वको उदीयमान आर्थिक शक्ति भारतको प्रगति र विकासबाट सक्दो फाइदा लिन सक्नुपर्छ । यसका लागि नेपालको राजनीतिक नेतृत्वले मनन गर्नु आवश्यक छ ।

सुस्पष्ट राष्ट्रिय लक्ष्य, प्रगतिशील र ठोस नीति, पर्याप्त लगानी तथा सो लक्ष्य प्राप्तिका लागि निरन्तर प्रतिबद्ध क्रियाशीलता नै राष्ट्र विकास र प्रगतिका द्योतक हुन् । मित्रराष्ट्र भारत पनि राष्ट्रिय विकास र समृद्धिको मार्गमा अग्रसर रहेको छ । अन्तर्राष्ट्रिय मुद्रा कोषले कूल गार्हस्थ उत्पादनका आधारमा गरेको मूल्यांकनमा एक अर्ब ४२ करोड जनसंख्या रहेको भारत विश्वको चौथो ठूलो अर्थतन्त्र भएको मुलुक हो भने क्रयशक्तिका आधारमा गरेको मूल्यांकनमा १७ खर्ब ६५ अर्ब डलर क्रयशक्तिसहित विश्वको तेस्रो ठूलो अर्थतन्त्रमा पर्न सफल भएको छ । विश्वको एक उदीयमान आर्थिक शक्ति भारतले विज्ञान प्रविधि, अध्ययन-अनुसन्धान तथा भौतिक पूर्वाधारका क्षेत्रमा पनि पछिल्ला वर्षमा उल्लेखनीय प्रगति हासिल गरेको छ ।

भारतको विदेश मन्त्रालयअन्तर्गत बाहृय पचारप्रसार तथा सार्वजनिक कूटनीतिक विभागले नेपाली र भुटानी पत्रकारका लागि यही असार १८ देखि २५ गतेसम्म आयोजना गरेको भारत परिचयात्मक भ्रमणका क्रममा पनि मित्रराष्ट्र भारतले उल्लिखित क्षेत्रमा गरेको प्रगतिको छनक पाइन्थ्यो । भ्रमणमा नेपालका विभिन्न सञ्चारमाध्यममा कार्यरत १० पत्रकार सहभागी थिए । सो भ्रमणका क्रममा पत्रकारको प्रमण्डललाई भारतका प्रख्यात संघसंस्था, अनुसन्धान केन्द्र र विभिन्न स्थलको अवलोकन भ्रमण गराइएको थियो । नेपालका साथै १० भुटानी पत्रकारको टोली पनि यो भ्रमणमा सहभागी भएको थियो ।

### अब्बल अनुसन्धान, सबल जनशक्ति

परिचयात्मक भ्रमणका सिलसिलामा पत्रकार प्रमण्डललाई नयाँदिल्लीस्थित भारतीय प्रद्योगिकी संस्थान (इण्डियन इन्स्टिच्युट अफ टेक्नोलोजी, आइआइटी)को अवलोकन भ्रमण गराइएको थियो । आइआइटी दिल्ली विज्ञान-प्रविधि, तालिम, अनुसन्धान र विकासका क्षेत्रमा भारत सरकारले स्थापना गरेका २३ वटा यस्ता उत्कृष्टतम् अनुसन्धान केन्द्रमध्ये एक हो । इस्वी सन् १९६१ मा इञ्जिनियरिङ कलेजका रूपमा स्थापित यो संस्थालाई सन् १९६३ मा राष्ट्रिय महत्त्वको संस्था घोषणा गरिएको थियो । पछि यसको नाम भारतीय प्रद्योगिकी संस्थान राखियो । पछिल्लो क्युएस विश्वविद्यालय मूल्यांकनका आधारमा आइआइटी दिल्ली विश्वभरका उत्कृष्ट अनुसन्धान संस्थामध्ये १२३औं र भारतमा प्रथम स्थानमा समावेश छ ।

अवलोकन भ्रमणका क्रममा आइआइटी दिल्लीको अनुसन्धान तथा विकास एकाइ र त्यसअन्तर्गत सञ्चालित केही अनुसन्धान परियोजनाको प्रयोगशालामा भएका परीक्षणको अवलोकन गर्ने अवसर प्राप्त भएको थियो । ती परियोजनामध्ये हालै विकसित पानीको शुद्धता परीक्षण उपकरण र विद्युतीय सवारीसाधनलाई वायरलेस प्रविधिद्वारा चार्ज गर्ने उपकरण प्रमुख थिए ।

त्यस्तै, अवलोकनकै क्रममा पत्रकारको टोलीले उत्तर प्रदेशको राजधानी लखनउ सहरस्थित भारतीय प्रबन्ध संस्थान (इण्डियन इन्स्टिच्युट अफ म्यानेज्मेण्ट, आइआइएम), भारतीय सरकार रेल मन्त्रालयअन्तर्गत सञ्चालित अनुसन्धान अभिकल्प एवं मानव संगठन (रिसर्च डिजाइन एण्ड स्टचाण्डर्ड अर्गनाइजेसन, आरडिएसओ) तथा वैज्ञानिक तथा औद्योगिक अनुसन्धान परिषद्अन्तर्गत केन्द्रीय औषधीय एवं सगंध पौधा संस्थान (सेण्ट्रल इन्स्टिच्युट अफ मेडिसिनल एण्ड अरोम्याटिक प्लाण्टस्) हिन्दूस्तान एरोनटिक्स लिमिटेडको पनि भ्रमण गरेको थियो । भ्रमणका क्रममा यी संस्थाद्वारा सञ्चालित विभिन्न अध्ययन अनुसन्धान र प्रविधि विकास कार्यक्रमबारे जानकारी गराइएको थियो । व्यवस्थापन संकायमा अब्बल आइआइएम लखनउले व्यवस्थापनका हरेक क्षेत्रमा कृत्रिम बौद्धिकता तथा प्रविधिलाई कसरी प्रयोग गर्न सकिन्छ भन्नेबारे अध्ययन अनुसन्धान गरिरहेको जानकारी दिइयो । साथै त्यहाँ सञ्चालित विभिन्न शैक्षिक कार्यक्रमका बारेमा जानकारी दिइएको थियो । सो अवसरमा आइआइएम लखनउले आफ्ना स्नातकोत्तर र विद्यावारिधि शैक्षिक कार्यक्रममा नेपाल र भुटानका विद्यार्थी लक्षित छात्रवृत्ति प्रदान गर्ने योजना रहेको पनि जानकारी दिइयो ।

आइआरडिएसओ रेल यातायातसम्बन्धी यन्त्र उपकरणका क्षेत्रमा अनुसन्धान गर्ने, उपकरण नमूना निर्माण गर्ने र गुणस्तर निर्धारण तथा प्रमाणीकरण गर्ने संस्था हो । यस संस्थाको भ्रमणका क्रममा यसले भारतीय रेल सेवामा नयाँ प्रविधिको विकास, नयाँ प्रविधि अवलम्बन र त्यसको नमूना निर्माणअन्तर्गत सञ्चालित विभिन्न गतिविधि तथा प्रविधिको अवलोकन पनि गरिएको छ । यसपछि संगठनका वरिष्ठ अधिकारीहरूसँगको छलफलका क्रममा नेपालको रेल यातायातको विकासमा भारत सरकारमार्फत संगठनले गर्नसक्ने सहयोगबारे विचार विमर्श गरिएको थियो ।

सन् १९५९ मा स्थापना भएको केन्द्रीय औषधीय एवं सगंध पौधा संस्थान भारत सरकार, विज्ञान तथा प्रविधि मन्त्रालयअन्तर्गत जीवशास्त्र र रसायन विज्ञानसम्बन्धी उच्च गुणस्तरयुक्त अनुसन्धान तथा किसान एवं व्यवसायीलाई औषधीय र सुगन्धयुक्त वनस्पति उत्पादन, त्यस्ता वनस्पति उत्पादनसम्बन्धी प्रविधि र सेवा प्रदान गर्ने संस्था हो । हिन्दूस्तान एरोनटिक्स लिमिटेड सन् १९४० मा स्थापना भएको ठूला हवाइजहाज, वायुयान, रकेट तथा सैनिक वायुयान निर्माण गर्ने विश्वका पुराना सार्वजनिक निकायमध्ये एक हो । यस संस्थाले सन् १९४२ बाट हवाइजहाज निर्माण गर्न सुरु गरेको थियो । यसले भारतीय वायुसेनाका लागि विभिन्न लडाकु र अन्य विमान निर्माण गरेको छ । यसका ११ वटा अनुसन्धान र विकास केन्द्र रहेका छन् । तीमध्ये लखनउस्थित अनुसन्धान केन्द्र पनि एक हो ।

### राजकीय भवन दृश्यावलोकन

भारत परिचयात्मक भ्रमणको सिलसिलामा पत्रकारको प्रमण्डलले संघीय राजधानी नयाँदिल्लीस्थित राष्ट्रपति भवन र उत्तर प्रदेशको प्रान्तीय राजधानी लखनउस्थित विधानसभा भवनपरिसर, भवनमा रहेका विभिन्न कक्ष तथा महत्त्वपूर्ण स्मारकहरूको अवलोकन गरेको थियो ।

भारतका राष्ट्रपतिको निवास र कार्यालय रहेको राष्ट्रपति भवन परिसर १३० हेक्टर क्षेत्रफलमा फैलिएको छ । राष्ट्रपति भवनको मुख्य भवनमा ३४० कक्ष रहेका छन् । क्षेत्रफलका आधारमा भारतको राष्ट्रपति भवन र यसको परिसर इटलीका राष्ट्राध्यक्ष बस्ने कुइरिनल दरबारपछिको दोस्रो ठूलो हो । भारत स्वतन्त्र हुनुभन्दा अघि यो भवन सन् १९३१ देखि १९३७ सम्म तत्कालीन बेलायती शासनका प्रतिनिधि गभर्नर बस्ने 'भिसेरोय हाउस'को रूपमा चिनिन्थ्यो भने यो भवन सन् १९४७ देखि १९५० सम्म गभर्नमेण्ट हाउसका रूपमा रहेको थियो ।

राष्ट्रपति भवनमा विभिन्न ऐतिहासिक तस्बिर, पुरातात्त्विक सामग्री, कलात्मक चित्र र मूर्तिहरू रहेका छन् । भारतीय र रोमन वास्तुकला शैलीमा निर्मित मुख्य भवनको छत गुम्बज आकारको रहेको छ । वर्तमान राष्ट्रपति द्रोपदी मुर्मु र उनका पूर्ववर्ती प्रणव मुखर्जीले राष्ट्रपति भवनमा क्रमशः जनजातीय संग्रहालय र लोककला संग्रहालय कक्षको स्थापना गरेका छन् । यसले भारतको राष्ट्रिय एकतालाई थप सबल पारेको त्यहाँका उच्चपदस्थ कर्मचारीले बताएका छन् ।

त्यसैगरी, पत्रकारको भ्रमण टोलीले उत्तर प्रदेश राज्यको लखनउस्थित विधानसभा भवन, भवनका विभिन्न कक्ष तथा परिसरको अवलोकन गरेको थियो । उत्तर प्रदेश राज्यमा दुई सदनात्मक व्यवस्थापिका संसद् छ । त्यहाँको माथिल्लो सदनलाई विधान परिषद् तथा तल्लो सदनलाई विधानसभा भनिन्छ । उत्तर प्रदेश विधानसभामा ४०३ निर्वाचित सदस्य छन् र यो भारतको सबैभन्दा ठूलो विधायिका हो । त्यस्तै विधायिकी परिषद्मा १०० सदस्य छन् । विधानसभाको कार्यकाल पाँच वर्षको हुन्छ । उत्तर प्रदेशको पहिलो विधानसभाको गठन सन् १९५२ मा भएको थियो । त्यसपश्चात् यो १८औं पटक गठन भएको छ । विधानसभा भवन युरोपियन तथा अवधि वास्तुकलाको मिश्रित शैलीमा निर्माण गरिएको छ ।

### विपद् उत्थानशील पूर्वाधारका लागि गठबन्धन

सिडिआरआई भारतका वर्तमान प्रधानमन्त्री नरेन्द्र मोदीद्वारा सन् २०१९ को संयुक्त राष्ट्रसंघीय जलवायु सम्मेलनमा घोषणा गरिएको एउटा विश्वव्यापी साझेदारी संस्था हो । यसमा राष्ट्रिय सरकारहरू, राष्ट्रसंघका निकाय तथा कार्यक्रम, बहुपक्षीय विकास बैंक, निजी क्षेत्र र प्राज्ञिक संस्था संलग्न छन् । यो संस्थाको प्रमुख उद्देश्यमा जलवायु परिवर्तन र विपद् उत्थानशील पूर्वाधारको प्रवर्द्धनमार्फत दिगो विकासमा सघाउ पुऱ्याउनु हो । संस्थाको उत्थानशील कार्यक्रम सहकार्यात्मक र समावेशीकरणका कार्यगत सिद्धान्तबाट निर्देशित छ । संस्थाले जलवायु विषमता र विपद्को तीव्र रूपमा बढ्दो परिवेशका सन्दर्भमा अति जोखिममा रहेका सदस्य राष्ट्र र समुदायका आसन्न प्राथमिकतामा केन्द्रित रहेर आफ्नो कार्य गरिरहेको छ ।

नेपालसहित चार देश तथा आठ अन्तर्राष्ट्रिय संस्था सिडिआरआइका सदस्य रहेका छन् । विपद् उत्थानशील पूर्वाधार, पूर्वाधार उत्थानशील तीव्रता कोष, महत्त्वपूर्ण पूर्वाधार उत्थानशीलता कार्यक्रम, भूगोल सान्दर्भिक उत्थानशील पहल, ज्ञानकेन्द्रित पहल एवं सवलीकरण संयन्त्र तथा अन्तरसम्बन्धित विषयसम्बन्धी नतिजा सिडिआरआईका प्रमुख कार्यक्रम हुन् । भारतको नयाँदिल्लीमा मुख्य कार्यालय रहेको सिडिआरआईले विभिन्न १८३ परियोजनामा दुई करोड १८ लाख अमेरिकी डलर आर्थिक सहायता प्रदान गरेको छ । संस्थाद्वारा आयोजना गरिएको संक्षिप्त छलफल कार्यक्रममा यसका पदाधिकारीले संस्थाको परिचयका साथै यसको प्रमुख उद्देश्य र कार्यकाबारेमा जानकारी गराएका थिए । सम्पूर्ण विश्व र खासगरी दक्षिण एसियाका पहाडी मुलुक एवं तटीय राज्यहरू जलवायु प्रकोप र विपद्को चपेटामा परिरहेका सन्दर्भमा सिडिआरआईजस्ता संस्थाको अहम् भूमिका रहेको सो छलफलमा जोड दिइएको थियो ।

### एसियन न्युज इण्टरनेसनल (एएनआई) भ्रमण

पत्रकारको टोलीले नयाँदिल्लीस्थित एसियन न्युज इण्टरनेसनलको पनि अवलोकन भ्रमण गरेको थियो । एएनआई भारतको एउटा समाचार संस्था (न्युज एजेन्सी) हो । यसले भारतका विभिन्न सञ्चारमाध्यमलाई समाचार प्रदान गर्छ । प्रेम प्रकाशले सन् १९७१ मा एएनआईको स्थापना गरेका थिए । एएनआई भारतको सबैभन्दा ठूलो टेलिभिजन न्युज एजेन्सी हो । यसले आफ्ना ग्राहकलाई भिडियो, तस्बिर र समाचार प्रदान गर्छ । पत्रकारको टोलीले एएनआई भ्रमणका क्रममा संस्थाको समाचार संकलन र सम्पादन कक्षको अवलोकन गर्नुका साथै समाचार संकलन, सम्पादन र सम्प्रेषण प्रक्रियाका बारेमा पनि जानकारी लिएको थियो ।

यसका अतिरिक्त पत्रकारको भ्रमण दलले नयाँदिल्लीस्थित दिल्ली हाट र आगरास्थित विश्वको सातौं आश्चर्य ताजमहलको पनि भ्रमण गरेको थियो । दिल्ली हाट विशाल क्षेत्रमा फैलिएको भारतको ग्रामीण हाटबजारको झझल्को दिने बजार हो । यहाँ हस्तकलालगायत सामग्री पाइन्छन् । भारतका विभिन्न राज्यका व्यापारी र शिल्पीले आफ्ना उत्पादन राजधानीमा ल्याएर बेच्ने अवसर प्राप्त गरेका छन् ।

### द्विपक्षीय सम्बन्ध र सहयोग विस्तारका कुरा

भ्रमणको सिलसिलामा पत्रकारको प्रमण्डलले भारतको विदेश मन्त्रालयअन्तर्गत उत्तरी शाखा हेर्ने अतिरिक्त सचिव मुनु महवरसँग साउथ ब्लकस्थित मन्त्रालयमा भेट गरेको थियो । त्यस अवसरमा आयोजित संक्षिप्त अन्तरक्रियामा महवरले भारत सरकारले आफ्नो छिमेक पहिला नीतिअनुरूप नेपाल र भुटानसँगको सम्बन्धलाई प्राथमिकता दिएको बताए । उनले भारत सरकारले नेपाललाई दिने सहायतामा पछिल्ला वर्षमा वृद्धि भएको तथा सहयोगका क्षेत्र पनि विस्तार भएको उल्लेख गरे । अतिरिक्त सचिव महवरले भारत (नेपाल द्वीपक्षीय सम्बन्ध विशेष रहेको र यो सम्बन्ध अझै झाँगिँदै जाने विश्वास व्यक्त गरे ।

साथै, उनले नेपाल र भुटानले भारतले गरेको आर्थिक विकासबाट भरपुर लाभ उठाउन सक्नुपर्नेमा जोड दिए । महवरले नेपालले भारतीय लगानी आकर्षण गर्ने निश्चित क्षेत्रको पहिचान र लगानीमैत्री नीति र वातावरणको निर्माण गर्नुपर्नेमा पनि जोड दिए । त्यस्तै दुई देशबीच यातायात सम्पर्क विस्तारमा पनि जोड दिए ।

त्यस्तै, फेडेरेसन अफ इण्डियन चेम्बर्स अफ कमर्स एण्ड इण्डस्ट्री (एफआइसिसिआई) का पदाधिकारीसँगको भेटका अवसरमा नेपाल-भारत द्विपक्षीय व्यापार र वाणिज्य क्षेत्रका बारेमा परिचर्चा भएको थियो । यस क्रममा नेपालले भारतसितको व्यापारमा बेहोर्नुपरेको व्यापार घाटा न्यूनीकरणका उपायको बारेमा पनि छलफल भएको थियो । साथै, भारतीय निजी क्षेत्रको लगानीका प्राथमिकता र त्यसको वृद्धि गर्नुपर्नेमा जोड दिइएको थियो । जलविद्युत्, कृषि, पर्यटन र स्वास्थ्य क्षेत्रमा भारतीय लगानी भित्र्याउन सकिने सम्भावनामाथि पनि चर्चा गरिएको थियो ।

भारत भ्रमणका क्रममा पत्रकारको टोली त्यहाँको सरकारी टेलिभिजन प्रसारण संस्था दूरदर्शनले 'इण्डियन डिप्लोमेसी : भ्वाइसेस फ्रम भुटान एण्ड नेपाल' शीर्षकमा आयोजना गरेको अन्तरक्रियामा सहभागी भएको थियो । अन्तरक्रियामा नेपाल र भारत सम्बन्धका विविध पक्षका साथै दुई देशबीचको जनस्तरमा विद्यमान सम्बन्धका बारेमा परिचर्चा गरिएको थियो ।

त्यस्तै, अन्तरक्रियामा त्रिदेशीय सांस्कृतिक र सभ्यतागत निकटताको महत्त्व र सान्दर्भिकता, जनस्तरको अन्तरक्रियाले प्रवर्द्धन गरेको मित्रतालगायत कसरी द्विपक्षीय तथा त्रिपक्षीय व्यापार, लगानी तथा विकास सहायतालाई बढवा दिन सकिन्छ, भन्ने विषयमा पनि विचार मन्थन भएको थियो । साथै, नेपाल, भुटान र भारतले जलवायु परिवर्तनबाट हुने असर र विपद्को कसरी मिलेर सामना गर्न सक्छन् भन्ने विषयमा सो अवसरमा चर्चा गरिएको थियो ।

अन्त्यमा मित्रराष्ट्र भारतले पछिल्ला वर्षहरूमा आर्थिक, सामाजिक, विज्ञान-प्रविधि, स्वास्थ्य र पूर्वाधार विकासमा ठूलो प्रगति हासिल गरेको छ । एउटा निकट छिमेकी र भारतसँग 'रोटीबेटी'को विशिष्ट सम्बन्ध रहेको नेपालले आफ्नो दक्षिणी छिमेकी र विश्वको उदीयमान आर्थिक शक्ति भारतको प्रगति र विकासबाट सक्दो फाइदा लिन सक्नुपर्छ । यसका लागि नेपालको राजनीतिक नेतृत्वले मनन गर्नु आवश्यक छ । *रासस*



**बाह्रसिंगाको बथान** | शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको बावाताल भएर वन क्षेत्रमा जाँदै गरेका बाह्रसिंगाको बथान । बाह्रसिंगाका लागि प्रख्यात रहेको यस निकुञ्जमा दुई हजारभन्दा बढी बाह्रसिंगा रहेका छन् । *तस्बिर: राजेन्द्रप्रसाद पनेरु/रासस*

# दुर्लभ सुनौलो तोपचराको संख्या घट्यो

**कञ्चनपुर–** शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा पाइने दुर्लभ सुनौलो तोपचराको संख्या घटेको छ । नेपाल पक्षी संरक्षण संघ (बिसिएन) को आयोजना तथा शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको सहकार्यमा पाँच दिनसम्म गरिएको गणनामा विगतका तुलनामा तोपचराको संख्या घटेको पाइएको हो ।

संघका चराविज्ञ हिरूलाल डगौराका अनुसार पाँच दिनसम्म गरिएको गणनामा चराको संख्या १८४ रहेको पाइएको छ । गत वर्ष गरिएको गणनामा तोपचराको संख्या २१३ रहेको थियो । 'घाँसे मैदान विनास नै सुनौलो तोपचराको संख्या घट्नुको प्रमुख कारणका रूपमा रहेको छ,' उनले भने, 'पहिला निकुञ्जको बाहय क्षेत्रमा धेरै घाँसेमैदान रहेकामा हाल मानव अतिक्रमणका कारण घाँसेमैदान अतिक्रमणमा परेका छन् ।'

उनका अनुसार घाँसे मैदानमा रहेका रुख र घाँसमा तोपचराले गुँड लगाउने गर्दछन् । संरक्षण क्षेत्र बाहिर रहेका ती क्षेत्र नासिदै गएका छन् । हाल निकुञ्जको संरक्षित क्षेत्रभित्रको घाँसे मैदानमात्र बाँकी छ । सुनौलो तोपचराले आहाराका लागि निकुञ्ज नजिकका किसानका खेतसम्म पुग्ने गर्दछन् । 'कृषिमा अन्धाधुन्ध रूपमा विषादीको प्रयोग हुन थालेपछि चराले खेतमा विषादी प्रयोग गरिएको अन्नलगायत खाँदा मर्ने गरेका छन्,' उनले भने ।



अर्को सुनौलो तोपचरा विनासका कारणमा अन्य सिकारी चराले प्रजननका बेला गुँडमा रहेका बच्चा र अण्डा खाइदिने गरेको उनको भनाइ छ । निकुञ्जका संरक्षण अधिकृत पुरुषोत्तम वाग्ले बसाइँसराइका कारणले पनि यस चराको संख्या घट्नुमध्येको एक कारण हुनसक्ने बताउँछन् । निकुञ्जभित्रको घाँसेमैदानको बासस्थानमा पहिलेको भन्दा केही फरक नरहेको उनी बताउँछन् ।

उनका अनुसार सुनौलो तोपचरा तराई क्षेत्रमा मात्र पाइने चरा हो । नेपालमा छातीकाले तोपचरा, धर्के तोपचरा, बया तोपचरा र सुनौलो तोपचरा गरी चार प्रजातिका पाइन्छन् । सुनौलो तोपचरा विश्वमै दुर्लभ संकटापन्न अवस्थामा रहेको छ ।

यस चराले मेदेखि सेप्टेम्बरसम्म प्रजनन गर्ने गर्दछ । नेपालका संरक्षित क्षेत्रमध्ये शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमामात्र सुनौलो तोपचराले निकुञ्जको घाँसेमैदानका बीच भागमा गुँड लगाउने गर्दछ । झट्ट हेर्दा भँगेराजस्तै देखिने र पहेँलो रङको हुने भएकाले यसलाई सुनौलो तोप भनिएको चराविज्ञ डगौराले बताए ।

'रूखका हाँगामा कलात्मक तरिकाले पात सिएर चराले गुँड लगाउने गर्दछ, गुँड बनाएर यसले बच्चा जन्माउने गर्दछ,' उनले भने, 'तोपचरा सुनौलो रङको धर्के परेको सुन्दर हुन्छ ।' सन् १९९६ मा निकुञ्जमा सुनौलो तोप पहिलोपटक देखिएको थियो । त्यसपछि निकुञ्जले नियमितरूपमा यसको संरक्षण गरी तथ्यांक संकलन गरिरहेको छ । निकुञ्जमा किसानको साथीका रूपमा रहेको सुनौलो तोपचराले कीराफटचांग्रा खान मन पराउँछ ।

निकुञ्जका सामूहिकरूपमा गुँड लगाउने, बस्ने र सामूहिकरूपमा आहारा खोज्न जाने भएकाले यसलाई सामाजिक चराका रूपमा पनि लिने गरिन्छ । निकुञ्ज नजिकका ताल, सिमसार क्षेत्र नजिकका काँडेदार रूखमा गुँड लगाउने यसको विशेषता रहेको छ ।

निकुञ्ज र बिसिएनका आठ जनाको प्राविधिक टोलीले निकुञ्ज क्षेत्रमा पाँच दिनसम्म सुनौलो तोपचराको गणनाको कार्य गरेका हुन् । निकुञ्जभित्रका सिकारी ताल, शुक्लाफाँट, मालुवेला, लालपानी, हरैयाफाँटा, पक्षीताल, वीरसिंह टापु, सुन्दरीफाँटा, सिंहपुरफाँटा, लालपानी, राधापुरफाँटा, बढनी खेरा, अण्डैयापटैयालगायत क्षेत्रमा सुनौलो तोपचरा गणनाको कार्य गरिएको छ । ३०५ वर्गकिलोमिटर क्षेत्रफलमा फैलिएको निकुञ्जमा सुनौलो तोपचरासँगै ४०० भन्दा बढी प्रजातिका चरा पाइन्छन् । *रासस*

# रौतहटमा 'ड्रोन'बाट वनक्षेत्रको निगरानी

**चन्द्रपुर (रौतहट)–** पछिल्लो समय रौतहटको वनजंगलको निगरानी गर्न 'ड्रोन'को प्रयोग गर्न थालिएको छ । डिभिजन वन कार्यालय रौतहटअन्तर्गत जंगल सहिया सबडिभिवन वन कार्यालय जंगल सहियाले चोरी तस्करी नियन्त्रण गर्नका लागि हिजोआज ड्रोन प्रयोग गर्न थालेको हो ।



विगत तीन महिनादेखि सो क्षेत्रको वनजंगलमा ड्रोनबाट नै निगरानी गरिँदै आएको छ। ड्रोनबाट वनजंगलको निगरानी गर्न थालेपछि काठ, दाउरा, नदीजन्य पदार्थको तस्करी नियन्त्रणमा आएको सबडिभिजन वन कार्यालय जंगल सहियाका वन अधिकृत विनोद जेठराले बताए । ड्रोनको सहायताले १० किलोमिटर वनक्षेत्रको निगरानी सहजै गर्न सकिएको र वन संरक्षणमा ठूलो टेवा पुगेको वन अधिकृत जेठराको भनाइ रहेको छ। ड्रोनको प्रयोगले तस्कर पक्राउ गर्न पनि सहज भएको उनले बताए ।

ड्रोनका कारण धन्सारखोलाबाट हुने ढुंगागिट्टीको तस्करी पनि नियन्त्रणमा आएको जेठरा बताउँछन् । सो क्षेत्रका दाउराका नाममा सयौं साइकलहरू जंगलमा गएर सालको लाथ्रा काटेर लाने गर्दै आएका थिए । ती दाउराहरू रौतहटका विभिन्न इँटाभट्टाहरूमा पुग्ने गरेका छन् ।

ड्रोनबाट रौतहटको जंगल सहिया, चोचा, धन्सार तथा गैडाटार वनक्षेत्रको निगरानी गरिरहेको डिभिजन वन कार्यालय रौतहटका प्रमुख हेमन्तप्रसाद साहले जानकारी दिए । अहिले एउटामात्र ड्रोनले निगरानी गरेको र आउँदो आर्थिक वर्षमा अरू पनि ड्रोन क्यामरा माग गरेको उनले जानकारी दिए। ड्रोनबाट काठ तस्करी नियन्त्रण ढुंगागिट्टी तस्करी नियन्त्रणजस्ता कार्यमा प्रभावकारी रहेको डिभिजन वन अधिकृत साहले बताए ।

मधेस प्रदेशको कूल वन क्षेत्रको २५ प्रतिशत र नेपालको कूल वन क्षेत्रको ३.९६ प्रतिशत वन रौतहट जिल्लामा पर्ने जानकारी दिँदै प्रमुख वन अधिकृत साहले यसको संरक्षणका लागि कुनै कसुर बाँकी नराखेको बताए । रौतहटमा ३० हजार १७० हेक्टर वन क्षेत्र छ । जसमा सरकारद्वारा व्यवस्थित वन आठ हजार २३१ हेक्टर, तीनवटा साझेदारी वनद्वारा ११ हजार ९२७ हेक्टर, ब्लक फरेस्ट व्यवस्थापन एक हजार ५२ हेक्टर, ४३ वटा सामुदायिक वनद्वरा आठ हजार २५७ हेक्टर, चारवटा धार्मिक वनद्वारा ५१ हेक्टर र निजी वनद्वारा ६५६ हेक्टर वन क्षेत्रको संरक्षण गरिँदै आएको उनले जानकारी दिए ।

चालु आर्थिक वर्षभित्र जिल्लाका विभिन्न स्थानका १२ हेक्टरभन्दा बढी जंगलको अतिक्रमण भूभाग क्षेत्र हटाई वृक्षरोपण गरेको उनले जानकारी दिएका छन् ।

यसैबीच डिभिजन वन कार्यालय रौतहटले चालु आर्थिक वर्षमा आठ लाख १८ हजार ७८ वटा विभिन्न जातको बिरुवा उत्पादन गरेकोसमेत वन अधिकृत साहले जानकारी दिए ।*रासस*

# धरान-चतरा खण्डका तीनवटा पुल निर्माण अन्तिम चरणमा

**धरान (सुनसरी)–** मदनभण्डारी राजमार्गअन्तर्गत धरान-चतरासडक खण्डमा पर्ने बाघ खोला, बगुवा खोला र ठकुरी खोलामा निर्माणाधीन तीनवटा मोटरेबल पुल अन्तिम चरणमा पुगेका छन् । यी पुलसँगै सो सडकखण्डमा पर्ने रेल्वे पुलको निर्माण भने अझै सुरु हुन सकेको छैन । निर्माणको जिम्मा लिएको सूर्य एण्ड सन्स कन्स्ट्रक्सन निर्माण कम्पनीका इञ्जिनियर उमेश श्रेष्ठका अनुसार बाघ खोला, बगुवा खोला र ठकुरी खोलाको पुल निर्माण करिब ९५ प्रतिशतसम्म सम्पन्न भइसकेको छ ।

उनले धरान-चतरा सडकखण्ड सुनसरीको बराहक्षेत्र नगरपालिका-१ मा निर्माण भइरहेको दुवैतर्फ पेटीसहित ६० मिटर लामो बाघ खोला पुलको काम ९० प्रतिशत सम्पन्न भएको छ । त्यस्तै, बगुवा खोलामा ३० मिटर लम्बाइ र ११ मिटर चौडाइको पुलको निर्माण ९५ प्रतिशत र ठकुरी खोलामा निर्माणाधीन ३५ मिटर लामो पुलको काम ९० प्रतिशत सम्पन्न भएको उनले जानकारी दिए । 'रेल्वे पुलको काम भने जंगल क्षेत्रभित्र पर्न गएका कारण सुरु हुन सकेको छैन । जंगल क्लियरेन्सको काम अफिसले गर्ने भएकाले क्लियरेन्स भएपछि तुरुन्तै काम सुरु गरिनेछ,' इञ्जिनियर श्रेष्ठले भने ।

कम्पनीले चारवटा मोटरेबल पुल निर्माणका लागि भ्याटसहित २१ करोड ७८ लाख ६३ हजार रूपैयाँमा २०७९ साल जेठ महिनामा ठेक्का स्वीकृत गरी निर्माण सुरु गरिएको थियो । तीनवटै पुल सञ्चालनमा आइसकेका छन् भने छेउछेउमा फिनिसिङको काम बाँकी रहेको इञ्जिनियर श्रेष्ठले बताए । छेउछाउमा धेरै रुख भएकाले फिनिसिङ र छेउको बाटोमा यसअघि रोकिएको रुख व्यवस्थापनपछि बाँकी काम सम्पन्न गरिने उनले जानकारी दिए ।

उनले भने, 'बर्खामा खोलामा यात्रा गर्न निकै कठिन थियो, कयौं मानवीय क्षति भएको थियो । अब पुल बनेपछि सहज यात्रा सम्भव भएको छ ।' *रासस*

# कर्णालीलगायत सहायक नदीमा बच्चा हुर्काउँदै जलप्राणी

**कैलाली (प्रस)–** कर्णाली नदीलगायत सहायक नदीमा घडियाल गोहीले बच्चा हुकाइरहेका छन् । यहाँका कर्णालीसहित सहायक नदीमा घडियाल गोहीले बच्चा हुर्काइरहेका हन् ।

सहायक पथरैया र मोहना नदीमा असारको पहिलो हप्तादेखि घडियाल गोहीले बच्चा हुर्काइरहेका संरक्षणकर्मी भोजराज ढुंगानाले बताए । नेपालको चितवन र बर्दिया राष्ट्रिय निकुञ्जमा सरकारले घडियाल गोहीको बच्चा हुर्काउने स्थानको व्यवस्था गरेको हो । प्राकृतिकरूपमा विनाकुनै लगानी घडियालको बच्चा हुर्काइरहेको छ ।

विगत चार वर्षदेखि घडियाल गोहीले सो क्षेत्रमा बच्चा कोरल्ने गरेको ढुंगानाले बताए । मोहना, पथरैया र कर्णाली तीनवटै नदीमा घडियालले यस वर्ष बच्चा कोरलेका थिए । घडियालसँगै सो क्षेत्रमा डल्फिनको पनि बच्चा हुर्काइरहेका छन् । डल्फिन विश्वमै दुर्लभ जलप्राणी मानिन्छन् । यसलाई अन्तर्राष्ट्रिय प्रकृति संरक्षण संघ (आइयुसिएन) ले रातो सूचीमा राखेको छ । वर्षायामको समयमा कर्णाली नदीलगायत सहायक नदीहरूमा डल्फिन बच्चासँगै देखिने गरेको संरक्षणकर्मी ढुंगानाले बताए ।

'सुरुमा आएका वयष्क डल्फिनसँग अचेल स-साना बच्चा पनि देखापरिरहेका छन् । कम्तीमा पनि दुई-तीन दिनमा छ-सात वटा बच्चा वयष्क माउसँग देखापरिरहेका छन् । अहिले देखापरिरहेका बच्चालाई डल्फिनले मोहना नदीमा जन्माएका हुन्,' उनले भने ।

डल्फिन बच्चा जन्माउने स्तनधारीभित्र पर्दछन् । स्वच्छ पानीमा बस्न रुचाउने डल्फिन बच्चा हुर्काउनका लागि कैलालीको कर्णालीसहित सहायक नदीमा आउने गर्दछन् । भारत तथा नेपालका विभिन्न नदी क्षेत्रमा बस्ने डल्फिन कर्णालीका सहायक नदीमा मनसुन अवधिभर बस्ने गरेको संरक्षणकर्मी विजयराज श्रेष्ठले बताए । 'तीन महिनाभन्दा बढी समयसम्म डल्फिन यहाँ बस्छन् । मनसुन बाहिरिएसँगै कर्णाली नदीमा फर्कने गर्दछन्,' उनले भने ।

यी नदी क्षेत्रमा मुख्य आहारा माछा, घोँगीका साथै लेउ प्रशस्त पाइने भएकाले हरेक वर्षा याममा डल्फिन आउँछन् । स्वच्छ जल, प्रशस्त आहारा र बढी दोभान भएकाले यी क्षेत्रमा डल्फिन आउने श्रेष्ठको भनाइ छ । 'प्लानिभेष्टा ग्यागेटिक जातको डल्फिन पाइन्छ । यो जातको डल्फिन नेपालका साथै भारत, पाकिस्तान र बंगलादेशमा मात्र पाइन्छ,' उनले भने । घडियाल र डल्फिनसँगै यहाँ मगर गोहीले पनि बच्चा हुकाइरहेका छन् ।


**Province Government**
**Ministry of Physical Infrastructure Development**
**Transport Infrastructure Directorate**
**Infrastructure Development Office**
**Bhojpur**
**Koshi Province, Nepal**

## Invitation For E-Bids

***Notice No. 06/081/82***
**First Date of Publication: 16th July 2025 (2082/03/32)**

1. Infrastructure Development Office, Bhojpur invites electronic bids only from eligible bidders for the following works.
2. Only eligible bidders with the key qualifications as mentioned in Evaluation Criteria of bidding documents should participate in this bidding:

| Contract Identification No.: | Description & Location of work | Average Annual Construction Turnover for last 3 years over the last 10 years excluding VAT (NRs.) In millions | Cash Flow (NRs) In millions | Bid Capacity (NRs.) In millions | Bid Security (NRs.) | Bid Document Fee (NRs) |
|---|---|---|---|---|---|---|
| IDO/BHO/W/ NCB-47/081/82 | Construction of Yaiselu River Motorable Bridge, Bhojpur | 61.27 | 13.62 | 73.52 | 21,65,000.00 | 5,000.00 |
| IDO/BHO/W/ NCB-48/081/82 | Construction of Thumlung Khola Motorable Bridge, Bhojpur | 45.21 | 10.05 | 54.25 | 15,97,000.00 | 5,000.00 |
| IDO/BHO/W/ NCB-49/081/82 | Construction of Bhojpur-Manebhanjyang-Baikunthe-Basikhora- Balankha-Ranitar Road (Ramprasadrai Ga.Pa. Chhapgaun-Basikhora-Aamchowk-Yun-Balankha Section - Third Package), Bhojpur | 146.09 | 33 | 131.47 | 38,72,000.00 | 10,000.00 |

3. Deadline for Bid Submission and Opening:

| Submission of Bid | | Opening of Bid | | Revenue A/c No: | 1000200010000 | Office Code: 3370107011 |
|---|---|---|---|---|---|---|
| Date | Time | Date | Time | Revenue Heading No: | 14229 | Rastriya Banijya Bank, Bhojpur |
| 15 August, 2025 (2082/04/30) | 12:00 hours | 15 August, 2025 (2082/04/30) | 13:00 hours | Deposit A/c No:(Dharauti) | 2040100202030000 | Pra.le.ikai.ka |
| | | | | Name of office | Infrastructure Development Office, Bhojpur | |
| | | | | Bank | Rastriya Banijya Bank | |

4. Bid Security period shall be 30 days beyond bid Validity period. Bidder has to submit their bid electronically only. They may download the bidding documents for further information, inspection & e-submission from PPMOs web site **www.bolpatra.gov.np**
5. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered as the last day.
6. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
7. Matters not covered in this notice shall be treated in accordance with PPA-2063 and PPR-2064 (Latest addendum)

**Office Chief**

# प्रभाव दैनिक

रूपशाला


### भारतीय अभिनेता धीरज कुमारको निधन

हिरा पन्ना, रोटी कपडा और मकान, बहारों फूल बरसाओजस्ता चर्चित भारतीय फिल्ममा अभिनय गरेका धीरज कुमारको मंगलबार निधन भएको छ । और मिली, घरकी लक्ष्मी बेटियाँ र मायकाजस्ता शोका लागि पनि उनी परिचित छन् । श्वासप्रश्वासमा समस्या आएपछि उनलाई सोमबार कोकिलाबेन धीरूभाई अम्बानी अस्पतालमा भर्ना गरिएको थियो । अवस्था गम्भीर बन्दै गएपछि उनलाई भेन्टिलेटर सपोर्टमा राखिएको थियो । ७९ वर्षीय अभिनेता-निर्देशकलाई निमोनिया भएको थियो ।




बुधबार, ३२ असार, २०८२ (Wednesday, July 16, 2025)


# गुन्यु चोलोको गीत 'म फूल हुँ कि काँडा' सार्वजनिक

■ प्रभाव संवाददाता




**काठमाडौं–** फिल्म 'गुन्यु चोलो : द ड्रेस'को गीत 'म फूल हुँ कि काँडा' सार्वजनिक गरिएको छ । राजधानीमा आयोजित एक कार्यक्रम बिच सार्वजनिक गीतमा लेखु सहयात्रीको शब्द र मनिषा पोखरेलको स्वर छ । संगीत लेखु सहयात्रीले नै दिएका छन् ।

गीतमा आफूभित्र पनि प्रेमिल मन रहेको र माया गर्ने इच्छा रहेको देखाइएको छ ।देख्दै मन पराएपछि आफूलाई पनि मनबाट चोखो माया गर्न गीतमा आग्रह गरिएको छ । गीतको भिडियोमा नाजिर हुसेनको अभिनय छ ।

उनी महिलाको भेषमा देखिएका छन् । गेस्चर र पोस्चरमा पनि उनले मेहनत गरेका छन् । भिडियोमा सुशील सिटौलालाई पनि देख्न सकिन्छ ।कार्यक्रम निर्माण टिमले फिल्मको प्रदर्शन मिति भदौ १३ गतेका लागि घोषणा गरेको छ ।

समुन्द्र भट्टको निर्देशन रहेको फिल्म लैंगिक अल्पसंख्यक पारालैंगिक पात्रको कथामा बनेको छ । फिल्ममा नाजिरले पारालैंगिक महिला (ट्रान्सवुमन)को भूमिका निर्वाह गरेका छन् ।

नाजिरका साथ सञ्चिता लुइँटेल, सुशील सिटौला, राजकुमार घोष, शिशिर राणा, अनुपम श्रेष्ठ र विशाल पहारीले पनि महत्त्वपूर्ण भूमिका फिल्ममा निर्वाह गरेका छन् ।

नेपालको पहिलो पूर्णरूपको ट्रान्स स्टोरीमा निर्मित यो फिल्मको अन्तर्राष्ट्रिय वितरण अधिकार अमेरिकाको बफेलो एट्लेले किनेको छ ।फिल्ममा हलिउडकी कलाकार लिजा जेरार्डले स्वर दिएकी छिन् भने ब्याकग्राउन्ड म्युजिकको सम्पूर्ण काम मार्सेलो दी फ्रान्सिसीले गरेका छन् ।

हलिउड चलचित्र 'ग्ल्याडिएटर-२' मा लिजाले स्वर दिएकी थिइन् । आकाश बुढाथोकी र भि-भन्से जानुबोनको लगानीमा बनेको फिल्मको कार्यकारी निर्माता जेफ्री जे वेन र स्टिभ जोन्स्टन हुन् भने अनुपम श्रेष्ठ फिल्मका सहयोगी निर्माता हुन् ।

# एलिना र समीक्षालाई पछ्याउँदै ढकाल

■ प्रभाव संवाददाता

**काठमाडौं–** गायक रामकृष्ण ढकालले सामाजिक सञ्जाल मार्फत अभद्र र अपमानजनक विभिन्न टिप्पणी गर्नेहरूलाई सार्वजनिक गरेका छन् । मंगलबार उनले सामाजिक सञ्जाल फेसबुकमा स्ट्याटस पोस्ट गर्दै अभद्र टिप्पणी गर्नेहरूलाई सार्वजनिक गरेका हुन् ।

'आज म कलाकार भएर ताली र गाली दुवै पचाउँदै आउने क्रममा भएको अत्याचारको पराकाष्ठाको केही नमुना सार्वजनिक गर्दैछु,उनले लेखेका छन्, अति भयो, सहनै सकिएन यो हदसम्मको अपमान । सामाजिक सञ्जालमा नक्कली नाममा फेक आइडी बनाएर आफूलाई पानीमाथिको ओभानो बनाउँछु, मलाई भेटाउनै सक्दैनन् भन्ने भ्रम छ भने कृपया हटाई हाल्नुहोस् । तपाईंहरू जस्ता अपराधीलाई कठघरामा उभ्याउन र अपराध कर्मलाई जरैबाट उखेल्न नै साइबर ब्युरोको जन्म भएको हो ।

उनले आफूले सार्वजनिक गरेका केही आइडीहरू प्रहरीको कारबाहीको दायरमा र केही खोजीमा रहेको समेत बताएका छन् ।

यसअघि गायिका एलिना चौहान र समीक्षा अधिकारीले पनि अभद्र टिप्पणी गर्नेहरूलाई सार्वजनिक गर्दै आएका छन् ।

# पोस्टरमा 'अभिमन्यु: च्याप्टर-१'




**काठमाडौं (प्रस)–** आगामी भदौ २७ गते रिलिजको तयारीमा रहेको फिल्म हो 'अभिमन्यु: च्याप्टर-१' रिलिज मिति नजिकिँदै गर्दा फिल्मको पोस्टर सार्वजनिक गरिएको छ । सार्वजनिक पोस्टरमा कलाकार कामेश्वर चौरासियालाई देख्न सकिन्छ । पोस्टरमा उनी खुसीले कराइरहेको जस्तो देखिन्छ ।

पोस्टरले फिल्मप्रति दर्शकलाई कौतुह पैदा गराउँछ । यसको हिन्दी भर्सन भने असोज ६ अर्थात् (सेप्टेम्बर २२) मा रिलिज हुँदै छ । फिल्मले पैसाको प्रलोभनमा चक्रव्यूहमा फस्ने र त्यहाँबाट उम्किन खोज्ने व्यक्तिको संघर्षको कथा विषय बनाएको छ ।

फिल्ममा चौरासियासँगै सरिता गिरी, गौमाया गुरुङ, लक्ष्मी बर्देबा, शिशिर वाङ्देल, किरण श्रेष्ठ, प्रकाश दाहाल, सुष्मा निरौलाको अभिनय छ । सेभेन सिज सिनेमाको प्रस्तुतिमा निर्माण भएको फिल्म सुशान्त गौतमले निर्देशन गरेका हुन् । यो उनको डेब्यु निर्देशन हो ।

मुकेश खनालको लेखन रहेको फिल्मका क्रिएटिभ निर्देशकमा मदन थापा छन् । विनोद पौडेल र गुञ्जन गिरी निर्माता रहेको फिल्ममा रमेश चौलागाई र हरि श्रेष्ठ सह-निर्माता रहेका छन् । फिल्मका कार्यकारी निर्माता विशाल लामा, हरि मोक्तान, कृष्ण भट्टराई, नीराजन लुइँटेल र सन्देश श्रेष्ठ रहेका छन् ।

# 'गाईजात्रा महोत्सव' साउन २४ देखि

**काठमाडौं (प्रस)–** सांस्कृतिक संस्थान राष्ट्रिय नाचघरले' विगतको वर्ष झैँ यो बर्षपनि 'गाईजात्रा महोत्सव' आयोजना गर्ने भएको छ । आगामी २४ देखि ३१ सम्म आयोजना हुने महोत्सवको नाम 'गाईजात्रा महोत्सव ८२' राखिएको छ ।

१४ जना कमेडियनले प्रस्तुति दिने महोत्सवमा सिस्नुपानीका अध्यक्ष लक्ष्मण गाम्नाग पनि सहभागी हुनेछन् । अन्य सुरेन्द्र केसी 'मुला साग', शिवशंकर रिजाल 'जोगिन्दर', राजा राजेन्द्र पोखरेल, हिमेश पन्त, विकास अर्याल, सरोज भण्डारी, सुजिता श्रेष्ठ, भरतमणी पौड्याल, सन्तोष थापा, सुमन कोइराला र कैलाश कार्की, दिनेश काफ्ले, खडगबहादुर पुन र सुयशा खनाल लगायत रहनेछन् ।



सांस्कृतिक पर्व गाईजात्राको महत्त्व र गरिमालाई जोगाई राख्न 'गाईजात्रा महोत्सव ८२'को आयोजना गर्न लागिएको संस्कृति संस्थानले जनाएको छ ।

## रंगशाला

### साफ यु-२० महिला च्याम्पियनसिप

# मिनाको ह्याट्रिकमा श्रीलंकाविरूद्ध नेपाल विजयी



■ प्रभाव संवाददाता

**काठमाडौं–** मिना देउवाको ह्याट्रिकसँगै बंगलादेशमा जारी साफ यू-२० महिला च्याम्पियनसिपको आफ्नो तेस्रो खेलमा नेपालले श्रीलंकाविरुद्ध ७-० को शानदार जित हात पारेको छ ।

निर्धारित समयभन्दा एक घन्टा ढिला सुरु भएको खेलमा नेपालले श्रीलंकाविरुद्ध शानदार जित हात पारेको हो । नेपालले पहिलो हाफमै ५ गोलले अग्रता लिएको थियो । नेपालका लागि मीना देउवा र पूर्णिमा राईले समान २ गोल गरेका थिए भने १ गोल समीक्षा मगरले गरेकी थिइन् ।

खेलको सातौं मिनेटमै नेपालले अग्रता लियो । मीनाले पेनाल्टी बक्सभन्दा निकै बाहिरबाट प्रहार गरेको शक्तिशाली बलले सिधै जाली चुम्यो । त्यसको ६ मिनेटपछि नै नेपालले समीक्षाको गोलमा अग्रता दोब्बर बनायो । मीनाले दिएको बललाई हुलमुलमा पूर्णिमाको खुट्टासामु पुगेको थियो । पेनाल्टी बक्सभित्रै रहेकी समीक्षाले दोस्रो बारतर्फ सुन्दर फिनिसिङ गरिन् ।

समीक्षाले कप्तान विर्सना चौधरीको स्थानमा सुरुआती ११ मा स्थान बनाएकी थिइन् । जारी प्रतियोगितामा यो उनको पहिलो गोल हो । ४२औं मिनेटमा मीनाले अग्रता ३-० मा पुऱ्याइन् । माया मास्केको लामो प्रहारलाई श्रीलंकाली गोलकिपरले पञ्च गर्दै बचाएकी थिइन् । तर, सिक्स यार्ड बक्सनजिकबाट रिबाउन्डमा मीनाले अर्को गोल थपिन् ।

त्यसपछि नेपालको प्रेसिङलाई श्रीलंकाले रोक्न सकेन र पहिलो हाफको इन्जुरी समयमा थप दुई गोल गर्दै पहिलो हाफमा ५-० गोलले अग्रता लिएको थियो ।

त्यसपछि दोस्रो हाफमा सुधारिएको खेल प्रदर्शन श्रीलंकाविरुद्ध खेलको ६९ औं मिनेटमा नेपालले एक गोल थप्यो । मीना देउवाले गरेको उक्त ह्याट्रिक गोलसँगै नेपालले अग्रतालाई ६-० मा पुऱ्याउन सफल रह्यो । सरिता कुमारीले खेलको ९१ औं मिनेटमा फ्रिकिकमार्फत् गोल गर्दै गोलअन्तरलाई अझै फराकिलो पार्न सफल भयो । निर्धारित ९० मिनेटपछि थपिएको ५ मिनेटको इन्जुरी समयको पहिलो मिनेटमै सरिताले गोल गरेकी हुन् । त्यसपछि भने खेलमा कुनै गोल भएन ।

त्यसअघि प्रतियोगिताको पहिलो खेलमा नेपालले भुटानलाई ६-१ ले पराजित गरेको थियो भने घरेलु टोली बंगलादेशसँग ३-२ले पराजित भएको थियो ।

# सप्तरी प्राइड लिगको सेमिफाइनल समीकरण पूरा

■ प्रभाव संवाददाता



**काठमाडौं–** सातौं संस्करणको मेयर कप सप्तरी प्राइड लिग क्रिकेटको सेमिफाइनल समीकरण पूरा भएको छ । मंगलबार सम्पन्न खेलपछि कन्चनरूप राइनोज र खडक वारियर्स सेमिफाइनलमा प्रवेश गरेका छन् ।

यसअघि नै समूह 'ए' विजेता राजविराज राजदेवी रोयल र समूह 'बी' विजेता तिरहुट टाइगर्स अन्तिम चारमा पुगेका थिए । समूह चरणबाट राजगढ वारियर्स, हनुमाननगर हिरोज, रोयल च्यालेन्जर्स बाह्री वीरपुर र रूपनी राइडर्स बाहिरिएका छन् ।

दुवै सेमिफाइनल खेल बुधबार हुनेछन् । पहिलो खेलमा राजदेवी रोयल र खडक वारियर्स, दोस्रो खेलमा तिरहुट टाइगर्स र कन्चनरूप राइनोज खेल्नेछन् । उपाधि भिडन्त साउन १ गते बिहीबार हुनेछ ।

पहिलो खेलमा कन्चनरूप राइनोजले हनुमाननगर हिरोजलाई ४ विकेटले हराउँदै सेमिफाइनल यात्रा सुनिश्चित गऱ्यो । ३८ रनको सामान्य लक्ष्य राइनोजले ८.४ ओभरमा ६ विकेट गुमाएर भेटायो । महानन्द यादवले १४ रन बनाए । बलिङतर्फ सम्भु मण्डल र अभिमन्यु सरदारले समान ४-४ विकेट लिए । प्लेयर अफ द म्याच मण्डल भए ।

दोस्रो खेलमा खडक वारियर्सले रोयल च्यालेन्जर्स बाह्री वीरपुरलाई ८ विकेटले पराजित गर्दै अन्तिम चारमा प्रवेश गर्यो । १२२ रनको लक्ष्य वारियर्सले १६ ओभरमा २ विकेट गुमाएर भेटायो । सन्तोष कार्कीले ६३ रन र फिर्दोश अन्सारीले ४३ रनको अविजित पारी खेले । अन्सारी अलराउण्ड प्रदर्शनका लागि प्लेयर अफ द म्याच भए । सप्तरी क्रिकेट संघद्वारा आयोजित प्रतियोगिताको विजेता टिमले २ लाख रूपैयाँ, उपविजेताले १ लाख रूपैयाँ पुरस्कार प्राप्त गर्नेछन् ।

# राखेपलाई चीनद्वारा ८५ लाखको सामग्री सहयोग

**काठमाडौं (प्रस)–** चीनको युनान प्रादेशिक खेलकुद ब्युरोले राष्ट्रिय खेलकुद परिषद् (राखेप) लाई खेल सामग्री तथा स्वास्थ्य परिक्षण उपकरण सहयोग स्वरूप मंगलबार हस्तान्तरण गरेको छ । नेपालस्थित चिनियाँ दूतावासका डेपुटी चिफ दि मिसन वाङ झिनले राखेपका सदस्य-सचिव टंकलाल घिसिङलाई अन्तर्राष्ट्रिय खेलकुद परिसरमा आयोजित एक कार्यक्रमबीच सामग्री हस्तान्तरण गरे । करिब ८५ लाख रूपैयाँ बराबरको विभिन्न ३४ प्रकारका सामग्री हस्तान्तरण गरिएको हो ।

कार्यक्रमलाई सम्बोधन गर्दै राखेपका उपाध्यक्ष ध्रुव आचार्यले सहयोगका लागि चीन सरकारलाई धन्यवाद दिँदै सामग्रीले खेलाडीको प्रशिक्षणमा सहयोग पुग्ने विश्वास व्यक्त गरे । सदस्य-सचिव टंकलाल घिसिङले नेपाल र चीनबीच धेरै क्षेत्रमा राम्रो सम्बन्ध स्थापित भएको बताउदै हरेक वर्ष सहयोगले निरन्तरता पाउने प्रतिबद्धता पाएको बताए ।

सदस्य-सचिव घिसिङले २० औं एसियाली खेलकुद आउन १३ महिना मात्र बाँकी रहेकाले यो समय पेचिलो भएको बताउदै दृढ संकल्पकासाथ प्रशिक्षण अगाडि बढाउनु पर्नेमा जोड दिए । उनले अबको दुई हप्ताको अवधिमा मिसन- २०२६ अन्तर्गत राष्ट्रिय टिम तयारीमा रहेका खेलाडीहरूको शारीरिक र खेलगत अवस्थाको परिक्षण गरिने बताउदै त्यसपछि खेल संघसँग समन्वय गरी प्रशिक्षणलाई अगाडि बढाइने बताए ।

डेपुटी चिफ दि मिसन वाङले सहयोगले नेपाली खेलकुदको विकास थोरै भएपनि टेवा पुग्ने बताउदै विगतमा पनि खेल क्षेत्रमा सहयोग गरेको स्मरण गरे ।

युवा तथा खेलकुद मन्त्रालयका सह-सचिव रामचरित्र मेहताले चीन सरकारले विगतका दिनमा सहयोग गर्दै आएको बताए । कार्यक्रममा चिनियाँ दूतावासका कन्सुल वाङ दोङ, राखेप कार्यकारी समितिकी सदस्य सुवर्ण श्रेष्ठ, राखेपका सदस्य अञ्जन धमला, प्रकाशकुमार कुसारी र हिमालकुमार श्रेष्ठ, विभिन्न विभागका प्रमुख, मिसन-२०२६ अन्तर्गत राष्ट्रिय टिम तयारीमा रहेका खेलाडी, प्रशिक्षकलगायतको उपस्थिति रहेको थियो ।



पाकिस्तानको सिन्ध प्रान्तस्थित हैदराबादमा भारी मनसुनी वर्षापछि बाढीले भरिएको सडकबाट बाटो काटिरहेका यात्रुहरू । जुलाई १४ मा जारी गरिएको सरकारी तथ्यांकअनुसार जुनको अन्त्यतिर आइपुगेदेखि पाकिस्तानमा मनसुनी वर्षाका कारण दर्जनौं बालबालिकासहित ११० जनाभन्दा बढीको मृत्यु भएको छ । *तस्बिरः एएफपी*

# तीन देशका अन्तरिक्षयात्रीहरूका लागि निजी अन्तरिक्ष उडान प्रशान्त महासागरमा अवतरण

**केप क्यानाभेरल (फ्लोरिडा)–** भारत, पोल्याण्ड र हंगेरीबाट ४० वर्षभन्दा बढी समयपछि पहिलो अन्तरिक्षयात्रीहरू समावेश गरेको निजी अन्तरिक्ष उडान मंगलबार प्रशान्त महासागरमा अवतरणसँगै समापन भएको छ ।

उनीहरूको स्पेसएक्स क्याप्सुल सोमबार अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेसनबाट अलग भएको थियो र २४ घण्टाभन्दा कम समयमा दक्षिणी क्यालिफोर्नियाको तटमा समुद्रमा प्यारासुटको सहायताले अवतरण गरेको थियो । चार जनाको टोलीले लगभग तीन हप्ताअघि ह्युस्टन कम्पनी एक्सिओम स्पेसद्वारा चार्टर्ड उडानमा प्रक्षेपण गरेको थियो ।

सबैभन्दा अनुभवी अमेरिकी अन्तरिक्षयात्री एक्सिओमकी पेगी ह्विटसनले कमाण्डरका रूपमा सेवा गरे । उनीसँग भारतका शुभांशु शुक्ला, पोल्याण्डका स्लावोस्ज उज्नान्स्की-विस्निएव्स्की र हंगेरीका तिबोर कापु थिए । उनीहरूका देशहरूले मिसनका लागि प्रत्येकले छ करोड ५० लाख डलरभन्दा बढी तिरेका थिए ।

भ्रमण गर्ने अन्तरिक्ष यात्रीहरूले आफ्नो सम्पदाको उत्सव मनाउँदै कक्षामा दर्जनौं प्रयोगहरू सञ्चालन गरे । भारत, पोल्याण्ड र हंगेरीले अन्तिमपटक सन् १९७० र सन् १९८० को दशकको अन्त्यमा सोभियतहरूसँग अन्तरिक्षमा प्रक्षेपण गरेका थिए ।

यो सन् २०२२ पछि परिक्रमा चौकीमा एक्सिओमको चौथो मिसन थियो र नासाको थप व्यवसाय र मानिसहरूका लागि ठाउँ खोल्ने चलिरहेको प्रयासको एक हिस्सा हो । कम्पनी हालको स्टेसन प्रतिस्थापन गर्न आफ्नै अन्तरिक्ष स्टेसनहरू विकास गर्ने धेरैमध्ये एक हो । नासाले ३० वर्षभन्दा बढी सञ्चालनपछि सन् २०३० मा चौकी त्याग्ने योजना बनाएको छ । *रासस/एपी*

# बोइङ जेटहरूमा इन्धन स्विच जाँच गर्न आदेश



**नयाँदिल्ली–** गत महिना एयर इण्डिया जेट दुर्घटनामा २६० जनाको मृत्यु भएपछि बोइङका धेरै मोडलमा इन्धन स्विचहरूको छानबिन गर्न भारतले आफ्ना एयरलाइन्सहरूलाई आदेश दिएको छ ।

भारतको विमान दुर्घटना अनुसन्धान ब्युरोले शनिबार जारी गरेको प्रारम्भिक प्रतिवेदनले उडान भरेको केही समयपछि स्विचहरू रन पोजिसनबाट कटअफमा फ्लिप भएको पत्ता लगाएको छ । प्रतिवेदनले जुन १२ को विपत्तिका लागि कुनै निष्कर्ष वा विभाजनको दोष दिएको छैन, तर एक पाइलटले अर्को पाइलटलाई किन इन्धन कटौती गरे भनेर सोधेको र दोस्रो पाइलटले आफूले नगरेको जवाफ दिएको संकेत गरेको छ ।

भारतको नागरिक उड्डयन महानिर्देशालय (डिजिसिए) ले सोमबार ७८७ र ७३७ सहित धेरै बोइङ मोडेलको इन्धन नियन्त्रण स्विचमा लक गर्ने सुविधाको अनुसन्धान गर्न आदेश जारी गरेको छ । बोइङले आफ्ना जेटहरूमा इन्धन स्विच लकहरू सुरक्षित रहेको अपरेटरहरूलाई सूचित रहेको जानकारी दिएपछि यो आदेश आएको हो ।

तर यो अमेरिकी संघीय उड्डयन प्रशासनले जारी गरेको विशेष उड्डयनयोग्यता सूचना बुलेटिन (एसएआइबी) अनुसार थियो, जसले लकहरू गलत तरिकाले सार्न नसकिने सुनिश्चित गर्न निरीक्षण गर्न सिफारिस गरेको थियो । धेरै भारतीय र अन्तर्राष्ट्रिय एयरलाइन्सले पहिले नै इन्धन स्विचहरूको आफ्नै निरीक्षण सुरु गरिसकेका छन् ।

'यो डिजिसिएको ध्यानमा आएको छ, अन्तर्राष्ट्रिय साथै घरेलुसहित धेरै अपरेटरले एसएआइबीका अनुसार उनीहरूको विमान फ्लिटमा निरीक्षण सुरु गरेका छन्,' डिजिसिएले एक विज्ञप्तिमा भनेको छ ।

एसएआइबीको दृष्टिकोणमा, प्रभावित विमानका सबै एयरलाइन्स अपरेटरले जुलाई २१ सम्म निरीक्षण पूरा गर्नुपर्ने डिजिसिएले भनेको छ । बोइङ ७८७-८ ड्रिमलाइनर पश्चिमी भारतको अहमदाबादबाट लण्डन जाँदै गर्दा दुर्घटना भएको थियो । दुर्घटनापछि विमानमा सवार २४२ जनामध्ये एकबाहेक र जमिनमा रहेका १९ जनाको मृत्यु भएको थियो ।

सोमबार कर्मचारीहरूलाई लेखेको पत्रमा एयर इण्डियाका सिइओ क्याम्पबेल विल्सनले दुर्घटनाको अनुसन्धान जारी रहेको र 'समयपूर्व निष्कर्ष' मा पुग्नु मूर्खतापूर्ण हुने बताएका छन् । *रासस/एएफपी*

# बेइजिङमा लाभरोभ र सीबीच भेट



**मस्को–** रूसी विदेशमन्त्री सर्गेई लाभरोभले मंगलबार बेइजिङमा चीनका राष्ट्रपति सी चिनफिङसँग भेटवार्ता गरेको मस्कोले जनाएको छ । यो भेटवार्ता सांघाई सहयोग संगठनको बैठकमा भाग लिन आएका शीर्ष रूसी कूटनीतिज्ञको भ्रमणका क्रममा भएको हो ।

'सीले चिनियाँ राजधानीमा लाभरोभलाई सांघाई सहयोग संगठन (एससिओ)को विदेशमन्त्रीहरूको परिषद्को बैठकमा उनको सहभागिताको एक भागका रूपमा स्वागत गर्नुभयो,' रुसको विदेश मन्त्रालयले एक विज्ञप्तिमा भनेको छ ।

एससिओ शिखर सम्मेलन र दोस्रो विश्वयुद्धको वार्षिकोत्सव समारोहमा सहभागी हुन रुसी राष्ट्रपति भ्लादिमिर पुटिनको चीन भ्रमणको तयारीसहित उच्चतम र उच्चस्तरमा द्विपक्षीय राजनीतिक सम्पर्कका धेरै मुद्दामा छलफल गरिएको पनि मन्त्रालयले बताएको छ । चिनियाँ राष्ट्रपतिले एससिओका विदेशमन्त्रीहरूसँग 'सामान्य बैठक' गरेपछि लाभरोभलाई भेट गरेको रुसको तास समाचार एजेन्सीले जनाएको छ ।

लाभरोभले आइतबार आफ्ना चिनियाँ समकक्षी वाङ यीसँग युक्रेन र संयुक्त राज्य अमेरिकासँगको सम्बन्धका बारेमा छलफल गरेका थिए । रूसी विदेशमन्त्री उत्तर कोरियाको भ्रमणपछि चीन आएका हुन् । उत्तर कोरियामा रहँदा उनले युक्रेनसँगको द्वन्द्वमा समर्थनको आश्वासन प्राप्त गरेका थिए ।

मस्कोको कूटनीतिक र आर्थिक सहयोगी बेइजिङले रूस र युक्रेनबीचको द्वन्द्वमा तटस्थ भएको दाबी गरेको छ । चीनले रुसको तीन वर्षभन्दा लामो सैन्य अभियानको कहिल्यै निन्दा गरेको छैन न आफ्नो सेना फिर्ता लिन आह्वान गरेको छ । युक्रेनका धेरै सहयोगीले बेइजिङमाथि मस्कोलाई समर्थन गरेको विश्वास गर्छन् ।

चीनले नियमितरूपमा लडाइँ अन्त्य गर्न आह्वान गरेको छ भने युक्रेनलाई हतियार प्रदान गरेर पश्चिमी देशहरूले द्वन्द्वलाई लम्ब्याएको आरोप लगाएको छ । बेइजिङले लामो समयदेखि १० सदस्यीय सांघाई सहयोग संगठनलाई नाटो जस्ता पश्चिमी नेतृत्वका शक्ति समूहहरूको प्रतिकारको रूपमा प्रस्तुत गर्न खोजेको छ भने राजनीति, सुरक्षा, व्यापार र विज्ञानमा यसका सदस्य देशहरूबीच सहयोग बलियो बनाउन जोड दिएको छ । *रासस/एएफपी*

# विद्रोहको परिणाम नियन्त्रण गर्न संघर्ष गर्दै बंगलादेश

**ढाका–** गत वर्ष पूर्वप्रधानमन्त्री शेख हसिनालाई विद्यार्थी नेतृत्वको विद्रोहमा सत्ताबाट हटाइएपछि र उनको १५ वर्षको शासनको अन्त्य गरेर उनलाई भारत भाग्न बाध्य पारिएपछि बंगलादेश नयाँ सुरुआतको सम्भावनामा थियो ।

नयाँ अन्तरिम सरकारका प्रमुखका रूपमा नोबेल शान्ति पुरस्कार विजेता मुहम्मद युनुसले सन् २०२५ जुलाई १५ मा सुरु भएको हिंसामा सयौंको मृत्यु भएपछि लोकतन्त्रमा फर्कन, चुनावी र संवैधानिक सुधारहरू सुरु गर्न र सडकमा शान्ति पुनर्स्थापना गर्न विश्वसनीय चुनाव गर्ने वाचा गरेका थिए । एक वर्षपछि युनुसको नेतृत्वमा रहेको प्रशासनले विद्रोहको परिणाम नियन्त्रण गर्न संघर्ष गरिरहेको छ । बंगलादेश बढ्दो राजनीतिक अनिश्चितता, धार्मिक ध्रुवीकरण र चुनौतीपूर्ण कानुन र व्यवस्थाको स्थितिमा फसेको छ ।



## अराजक राजनीतिक परिदृश्य

बंगलादेशमा लोकतन्त्रको भविष्यका बारेमा ठूलो अनिश्चितता छ । हसिनालाई अपदस्थ गर्ने विद्यार्थी प्रदर्शनकारीहरूले दुई प्रमुख वंशवादी राजनीतिक दलहरू बंगलादेश नेसलिस्ट पार्टी (बिएनपी) र हसिनाको अवामी लिगको अत्यधिक प्रभाव तोड्ने वाचा गर्दै नयाँ राजनीतिक दल गठन गरेका थिए ।

पार्टीका विरोधीहरूले यसलाई युनुसको नेतृत्वमा रहेको प्रशासनको नजिक रहेको र राज्य संस्थाहरूको प्रयोग गरेर राजनीतिक लाभका लागि अराजकता सिर्जना गरेको आरोप लगाएका छन् । यसैबीच देशको सबैभन्दा ठूलो इस्लामी पार्टी जमात-ए-इस्लामी हसिनाको सरकारले एक दशकभन्दा बढी समयदेखि दमन गरेपछि राजनीतिमा फर्किएसँगै बंगलादेशको राजनीतिक परि दृश्य अझ खण्डित भएको छ । विद्यार्थी नेतृत्वको पार्टीसँग गठबन्धन गरेर यसले मे महिनामा प्रतिबन्धित अवामी लिगले छोडेको शून्यता भर्न प्रयास गरिरहेको छ । अवामी लिगका नेता हसिनाले मानवताविरुद्धको अपराधका लागि मुद्दाको सामना गरिरहेकी छन् । सन् १९७१ मा पाकिस्तानबाट बंगलादेशको स्वतन्त्रताको विरोध गर्ने जमात-ए-इस्लामीको शक्ति अज्ञात छ ।

बिएनपी र जमात-ए-इस्लामी पार्टी दुवै अहिले प्रशासन, न्यायपालिका र विश्वविद्यालय क्याम्पसमासमेत वर्चस्व स्थापना गर्न आपसमा द्वन्द्वमा छन् । उनीहरूले नयाँ संसदीय चुनावको समयलाई लिएर पनि फरक मत राखेका छन् । युनुसले अर्को वर्ष अप्रिलमा चुनाव हुने घोषणा गरेका छन्, तर खराब कानुन र व्यवस्थाको स्थिति र यसमा स्पष्ट राजनीतिक सहमतिको कमीले भ्रम सिर्जना गरेको छ । बंगलादेशका सेना प्रमुखले पनि यस वर्षको डिसेम्बरमा चुनाव चाहेका थिए । उक्त अडानलाई युनुसले मन पराएनन् ।

'क्रान्तिपछिका हनिमुनहरू प्रायः लामो समयसम्म टिक्न सक्दैनन् र बंगलादेश कुनै अपवाद होइन,' वासिङ्टनस्थित दक्षिण एसियाली विश्लेषक तथा एसिया प्यासिफिक फाउण्डेसनका वरिष्ठ फेलो माइकल कुगलम्यान भन्छन्, 'अन्तरिम सरकारले लोकतन्त्र र समृद्धि पुनर्स्थापना गर्न ठूलो अपेक्षाहरूको सामना गर्‍यो । तर यो विशेषगरी सार्वजनिक जनादेशविना एक अनिर्वाचित सरकारका रूपमा गर्न कठिन छ ।'

## चुनावअघि सुधार होस् भन्ने युनुसको चाहना

युनुसले चुनावमा ढिलाइ गरेका छन् किनभने उनले संविधान र चुनावदेखि न्यायपालिका र प्रहरीसम्मका परिवर्तनहरूमा सुधार चाहेका छन् । हसिनाको आवामी लिगबाहेक राजनीतिक दलहरूसँग छलफल जारी छ ।

केही सुधारमा एक व्यक्ति कतिपटक प्रधानमन्त्री बन्नसक्छ भन्नेमा सीमा राख्नु, दुई तहको संसद्को थालनी र प्रधानन्यायाधीशको नियुक्ति समावेश छ । केही आधारभूत सुधारमा थोरै सहमति भएको देखिन्छ । बिएनपी र जमात-ए-इस्लामी दुवै दल केही सर्तसँग सहमत भए पनि आधारभूत संवैधानिक सुधारका लागि अन्य प्रस्तावहरू अड्चनको बिन्दु बनेका छन् ।

जमात-ए-इस्लामीले पनि अन्तरिम सरकारलाई चुनावमा जानुअघि सुधारहरू पूरा गर्न थप समय दिन चाहन्छ, तर बिएनपीले चाँडै चुनावको आह्वान गर्दै आएको छ । विद्यार्थी नेतृत्वको पार्टीले प्रायः जमात-ए-इस्लामी पार्टीको ढाँचा अनुशरण गर्छ । कुगलम्यानका अनुसार सुधारको मुद्दा देशलाई एकजुट गर्नका लागि थियो, तर यसको सट्टा यो टकरावको बिन्दु बनेको छ ।

'सुधारहरूलाई अगाडि बढाउन र उनीहरूलाई थप समय दिन चाहनेहरू तथा यो कुरा समेटेर चुनावमा ध्यान केन्द्रित गर्ने समय हो भन्ने महसुस गर्नेहरूबीच विभाजन छ,' उनी भन्छन् ।

## मानवअधिकार र इस्लामवादीहरूको उदय

युनुसको शासनकालमा बंगलादेशमा मानवअधिकार गम्भीर चिन्ताको विषय बनेको छ । अल्पसंख्यक समूहहरू, विशेषगरी हिन्दूहरूले आफ्नो पर्याप्त सुरक्षा गर्न असफल भएकामा उनको प्रशासनलाई दोष दिएका छन् । बंगलादेश हिन्दू बौद्ध क्रिस्चियन युनिटी काउन्सिलले गत वर्ष सयौं आक्रमणमा अल्पसंख्यक हिन्दू र अन्यलाई लक्षित गरिएको बताएको छ ।

हसिनाको पार्टीले पनि आफ्नो दशौं हजार समर्थकलाई पक्राउ गरेकामा अन्तरिम सरकारलाई दोष दिएको छ । युनुसको नेतृत्वमा रहेको प्रशासनले यी आरोपहरू अस्वीकार गर्दछ । ह्युमन राइट्स वाचकी एसियाली उपनर्देशक मीनाक्षी गांगुली भन्छिन्, 'अन्तरिम सरकारले हसिना सरकारअन्तर्गत भएका जबरजस्ती बेपत्ता र न्यायेतर मृत्युदण्डहरू रोकेको छ, स्थायी सुरक्षा क्षेत्रका सुधारहरू वा बलियो, स्वतन्त्र संस्थाहरू सिर्जना गर्ने प्रतिज्ञालाई पूरा गर्न थोरै प्रगति भएको छ ।'

यसैबीच, इस्लामवादी गुटहरूले सत्ताका लागि प्रतिस्पर्धा गरिरहेका छन् । गुटमध्ये केहीले महिला अधिकारमा परिवर्तन प्रस्तावित गरेका छन् र शरिया कानुन लागू गर्न माग गरेका छन् । तिनीहरूमध्ये धेरैले बिएनपी वा जमात-ए-इस्लामीजस्ता ठूला दलसँग गठबन्धन बनाउने योजना बनाइरहेका छन् । बंगलादेश मुस्लिम बहुल भएता पनि त्यस्ता गुटहरूले ऐतिहासिकरूपमा महत्त्वपूर्ण चुनावी समर्थन प्राप्त गर्न संघर्ष गरेका छन् र तिनीहरूको उदयले देशको राजनीतिक परिदृश्यलाई थप खण्डित गर्ने अपेक्षा गरिएको छ ।

## कूटनीतिक परिवर्तन र विश्व शक्तिहरूसँग सन्तुलन

हसिनाको १५ वर्षको शासनकालमा बंगलादेश दक्षिण एसियामा भारतको सबैभन्दा नजिकको साझेदार थियो । उनको पतनपछि युनुसको नेतृत्वको प्रशासन चीनसँग नजिक गएको छ । चीन यस क्षेत्रमा भारतको मुख्य प्रतिद्वन्द्वी हो ।

युनुसको पहिलो राजकीय भ्रमण मार्चमा चीनको थियो । त्यो भ्रमणले उनलाई लगानी, ऋण र अनुदान प्राप्त गरायो । अर्कोतिर भारत आफ्नो पुरानो सहयोगी हसिनाको निष्कासनबाट क्रोधित छ र उनलाई सुपुर्दगी गर्ने ढाकाको अनुरोधको जवाफ दिएको छैन । हसिनाको पतनपछि भारतले बंगलादेशीहरूलाई भिसा दिन रोकेको छ ।

विश्वव्यापीरूपमा युनुसलाई पश्चिम र संयुक्त राष्ट्रसंघको बलियो समर्थन रहेको देखिन्छ र बंगलादेशले आफ्नो विदेश नीति जारी राख्ने देखिन्छ, जसले लामो समयदेखि धेरै विदेशी शक्तिहरूबीच सन्तुलन खोज्ने प्रयास गरेको छ । कुगलम्यानका अनुसार देशको सबैभन्दा ठूलो चुनौती 'ट्रम्प फ्याक्टर' हुनसक्छ ।

जनवरीमा, ट्रम्प प्रशासनले बंगलादेशलाई युएसएड कोषहरू निलम्बन गर्‍यो । बंगलादेशले हसिनाको पतनपछि महत्त्वपूर्ण पुनर्निर्माण अवधिमा अमेरिकी समर्थनको महत्त्वपूर्ण स्तर खोजेको थियो । 'ढाकाले अब अपरम्परागत अमेरिकी प्रशासनसँग आफ्ना सम्बन्धहरूलाई पुनः व्यवस्थित गर्नुपर्छ जसले बंगलादेशलाई मुख्यतया व्यापारिक दृष्टिकोणबाट हेर्ने छ,' कुगलम्यान भन्छन् । *रासस/एपी*

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला - १९३३०० | प्रति तोला - ० | प्रति तोला - २२७५ |

# ऊर्जा क्षेत्रमा लगानीमैत्री वातावरण बनाउन सभापति देउवाको आग्रह



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली कांग्रेसका सभापति तथा पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले स्वदेशी र विदेशी लगानीकर्ताले नेपालमा ढुक्कका साथ लगानी गर्न सक्ने वातावरण तयार पार्नुपर्नेमा जोड दिएका छन् ।

स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान) को २३औँ वार्षिक साधारणसभामा सभापति देउवाले लगानीकर्तालाई सहज र सरल प्रक्रियाबाट ऊर्जा क्षेत्रमा लगानी गर्ने वातावरण तयार गरेमा निजी लगानी प्रोत्साहन गर्न सकिने बताए । उनले स्वदेशमा उत्पादित विद्युत्को खपत र व्यापार गर्ने प्रमुख दायित्व सरकारको भएको उल्लेख गर्दै नेपालमा उत्पादित विद्युत्को नेपालमा नै खपत बढाउने लक्ष्य राख्नुपर्ने तथा बढी भएको बिजुली निर्यात गर्न सकिने बताए ।

'जलविद्युत्मा लगानीका लागि निजी क्षेत्र र जनताको समेत सक्रिय सहभागिता रहेको छ । जलविद्युत् आयोजनामा आइपिओ रोक्नु गलत छ । अब धितोपत्र बोर्डले चाँडै शेयर निष्कासन प्रक्रिया अघि बढाउनुपर्छ,' सभापति देउवाले भने, 'लगानीका लागि आउनेलाई सहज र सरल माध्यमबाट लगानी गर्ने वातावरण बनाउनुपर्छ । लगानीकर्तालाई दुःख दिनु हुँदैन ।'

नेपालको आर्थिक र सामाजिक विकासमा पनि निजी क्षेत्रको महत्वपूर्ण भूमिका रहेको उल्लेख गर्दै सभापति लविद्युत् आयोजनामा निजी क्षेत्रको संलग्नतासम्बन्धी नीति कार्यान्वयनमा देखिएका कमजोरी सच्याएर निजी क्षेत्रलाई थप प्रोत्साहन गर्न तथा उत्पादन वृद्धिमा सहयोग गर्नुपर्नेमा जोड दिए ।

सभापति देउवाले ऊर्जा क्षेत्रलाई नेपालको प्रकृतिले दिएको महत्वपूर्ण सम्पत्तिको सङ्ज्ञा दिँदै ग्रिन इनर्जी (हरित ऊर्जा) तर्फ थप ध्यान केन्द्रित गर्दै सम्भावना विस्तार गर्नुपर्ने बताए ।

'अहिले उत्पादित विद्युत्को खपत बढाउनु र व्यापार सुनिश्चित गर्नु सरकारको दायित्व हो,' उनले भने, 'यसका लागि निजी क्षेत्रलाई सहभागी गराउनु जरुरी छ । स्वदेशी तथा विदेशी लगानीकर्ताले ढुक्कसँग लगानी गर्न सक्ने वातावरण सुनिश्चित गर्नुपर्छ ।' निजी क्षेत्रको योगदानका कारण मुलुकमा 'लोडसेडिङ' अन्त्य भएको सभापति देउवाको भनाइ थियो । जलविद्युत् आयोजनालाई सहज बनाउन समयमै इआइए स्वीकृत भइरहेको छ ।

कार्यक्रममा वन तथा वातावरणमन्त्री ऐनबहादुर शाही ठकुरीले मन्त्रालयले वातावरणीय प्रभाव मूल्यांकन (इआइए) तथा प्रतिवेदनहरू समयमै स्वीकृत गर्दै जलविद्युत् आयोजना सहज सञ्चालनमा सहयोग पुऱ्याइरहेको बताए । उनले जलविद्युत् क्षेत्र नेपालको ऊर्जा सुरक्षाको मेरुदण्ड रहेको र यस क्षेत्रको दिगो विकासका लागि वन तथा वातावरण मन्त्रालय निरन्तर प्रतिबद्ध रहँदै आएको बताए । नेपालमा जलविद्युत्को सम्भावना अपार रहेको र यो सम्भावनालाई मूर्त रूप दिन सक्नु भनेको देशको ऊर्जा आवश्यकता पूर्ति गर्नाका साथै आर्थिक समृद्धिको मूल आधार तयार गर्नु रहेको उनको भनाइ थियो ।

'जलविद्युत् आयोजना निर्माणका लागि आवश्यक पर्ने वन क्षेत्र हस्तान्तरण तथा प्रयोग स्वीकृतिमा शीघ्रता र प्रभावकारिता अपनाइएको छ,' मन्त्री शाहीले भने, 'मन्त्रालयले वातावरणमैत्री विकासको सिद्धान्तअनुरूप जलविद्युत् आयोजनाको वातावरणीय दायित्व सुनिश्चित गर्दै, दिगो विकासको मार्ग प्रशस्त गरिरहेको छ ।'

वन क्षेत्रमा निर्माण हुने जलविद्युत् आयोजनाका लागि 'डिजिटल' वातावरणीय प्रभाव मूल्याङ्कन अनुमतिप्रणाली लागू गर्ने कार्य अघि बढाइएको मन्त्री शाहीले जानकारी दिए । जैविक विविधता र वातावरणीय सन्तुलन कायम गर्दै जलविद्युत् आयोजना विकास गर्न आवश्यक रणनीति र कार्यनीति तयार पार्ने प्रक्रियामा मन्त्रालय सक्रिय रहेको उनको भनाइ थियो ।

'जलविद्युत् आयोजना प्रभावित क्षेत्रमा तथा वृक्षरोपण तथा वातावरणीय सुधारका कार्यक्रमहरू सञ्चालनमा ल्याइएका छन्, जलविद्युत् क्षेत्रको विकासमा देखापरेका प्रमुख चुनौती छन्,' मन्त्री शाहीले भने, 'परियोजनाको स्वीकृति प्रक्रियालाई छरितो र प्रभावकारी बनाउन वातावरणीय प्रभाव मूल्याङ्कन तथा जलविद्युत् आयोजना निर्माणका लागि आवश्यक पर्ने वन क्षेत्रको जग्गा हस्तान्तरण तथा प्रयोग स्वीकृतिमा शीघ्रता 'फास्ट ट्र्याक'मा गर्नुपर्छ । वातावरणीय मापदण्डलाई स्पष्ट, वैज्ञानिक र व्यावहारिक बनाउँदै सहजीकरण गरिनुपर्छ ।'

वन संरक्षण र जलविद्युत् विकासबीचको सन्तुलन कायम राख्ने नीति बनाउन आवश्यक रहेको र स्थानीय तह, सङ्घीय निकाय, निजी क्षेत्र र सरोकारवाला निकायबीच प्रभावकारी समन्वय गर्नुपर्ने मन्त्री शाहीले बताए । उनका अनुसार परियोजना प्रभावित क्षेत्रका समुदायको हित सुनिश्चित गर्दै सामाजिक तथा वातावरणीय उत्तरदायित्वलाई सशक्त रूपमा कार्यान्वयन गर्नुपर्ने र नेपालको जलविद्युत् क्षेत्रले मुलुकको समग्र आर्थिक विकासमा महत्वपूर्ण योगदान दिन सक्छ ।

## ऊर्जा विकासमा सहजीकरण गर्न माग

**काठमाडौं (प्रस)–** स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान)को २३औँ वार्षिक साधारणसभा मंगलबार यहाँ सम्पन्न भएको छ । साधारणसभामा सरोकारवालाले ऊर्जा विकासमा सहजीकरणको माग गरेका छन् ।

कार्यक्रमलाई सम्बोधन गर्दै सांसद जनाार्दन शर्माले आर्थिक विकासलाई माथि उकास्ने आधार नै ऊर्जा क्षेत्र रहेकाले 'आइपिओ' निष्कासनमा ढिलाइ गर्न नहुने बताए । 'अनावश्यक रूपमा जलविद्युत् आयोजना दर्ता गर्नु हुँदैन । खोला किन्ने र आयोजना नचलाउने प्रवृत्ति बढेको छ । अनि जसले लगानी गरेर चलाउन सक्ने क्षमता छ उसले खोला नपाउने अवस्था छ । यसलाई रोकियोस्,' उनले भने, 'उत्पादन गर्न सक्ने क्षमता भएकालाई मात्रै आयोजनाको लाइसेन्स दिइयोस् ।'

# 'बाढीबाट क्षतिग्रस्त आयोजनाबाट ९० मेगावाट सञ्चालनमा'

■ प्रभाव संवाददाता



**काठमाडौं–** ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले रसुवाको भोटेकोशी नदीमा आएको बाढीबाट अवरुद्ध जलविद्युत् आयोजनामध्ये करिब ९० मेगावाट क्षमता बराबरको आयोजना सञ्चालनमा ल्याउन थालिएको बताएका छन् ।

राष्ट्रियसभाको मंगलबार बैठकमा सांसदहरूको सवालको जवाफ दिँदै मन्त्री खड्काले यस बाढीबाट क्षति पुगेका चिलिमे, देवीघाट, त्रिशूली, सूर्यकुण्ड, बुद्धभूमि, अपरमौलुङलगायतका कुल ९० मेगावाट क्षमता बराबरका जलविद्युत् आयोजना सञ्चालनमा ल्याइएको जानकारी दिए । उनले ६० मेगावाट क्षमताको त्रिशूली 'ए' जलविद्युत् आयोजना केही दिनमा नै सञ्चालन हुने जानकारी गराए ।

यस्तै बढी क्षमताका आयोजनालाई चाँडो सञ्चालनमा ल्याउन काम सुरु भइसकेको मन्त्री खड्काको भनाइ थियो ।

'सबैभन्दा बढी क्षति भएको १११ मेगावाट क्षमताको रसुवागढी जलविद्युत् आयोजना संरचनालाई सञ्चालनमा ल्याउन केही समय लाग्छ', उनले भने, 'बाढीबाट उक्त आयोजनामा बढी क्षति पुगेको थियो । यसको 'हेडवर्कस'मा पूर्णरूपले क्षति पुगेको छ । यसलाई सकेसम्म चाँडो सञ्चालनमा ल्याउनेगरी काम सुरु गरिसकेका छौँ ।'

सभाको अघिल्लो बैठकमा मन्त्री खड्काले रसुवा बाढीबाट त्रिशूली नदी करिडोरमा सञ्चालनमा रहेका विद्युत् आयोजना र प्रसारण संरचनामा गम्भीर क्षति हुँदा त्यसबाट करिब २६० मेगावाट राष्ट्रिय प्रसारण प्रणालीमा विच्छेद रहेको जानकारी दिएका थिए ।

उनले अहिले उक्त क्षेत्रमा बाढीको बहाव केही घट्दो क्रममा रहे पनि जोखिम यथावत् रहेको भन्दै सचेत रहन आग्रह गरे ।

विस्तृत अध्ययन तथा मूल्याङ्कन कार्य अघि बढाइएको जानकारी दिँदै मन्त्री खड्काले सावधानीका सबै उपाय अवलम्बन गरेको उल्लेख गरे । 'पूर्वसूचना प्रणालीलाई थप प्रविधिमैत्री, सक्रिय र प्रभावकारी बनाउँछौँ', उनले भने, 'हिमतालको जोखिम मूल्याङ्कन तथा अनुगमनलाई संस्थागत गर्नुपर्ने आवश्यकता छ ।'




# नागरिक लगानी कोषको उपदान तथा पेन्सन योजनामा नेसनल लघुवित्त आबद्ध




**काठमाडौं (प्रस)–** नागरिक लगानी कोषले सञ्चालन गरेको उपदान तथा पेन्सन योजनामा नेसनल लघुवित्त वित्तीय संस्था लिमिटेड आवद्ध भएको छ ।

उक्त लघुवित्तमा कार्यरत करिब ६ सय जना कर्मचारी सो योजनामा आवद्ध हुने सम्बन्धी सम्झौतामा कोषको तर्फबाट कार्यकारी निर्देशक पर्वत कुमार कार्की र लघुवित्तको तर्फबाट प्रमुख कार्यकारी अधिकृत रामबहादुर यादबले हस्ताक्षर गरेका हुन् ।

कोषको यस योजनामा संगठित संस्था तथा त्यस्ता संस्थाका कर्मचारीहरू सहभागी हुन सक्ने व्यवस्था रहेको छ । यसअन्तर्गत योगदानमा वा गैर योगदानमा आधारित भएर संघ-संस्थाले उपदान कोष व्यवस्थापन गर्न सक्नेछन् ।

सोही व्यवस्था अनुसार 'घ' वर्गको राष्ट्रिय स्तरको उक्त लघुवित्त कोषको उपदान योजनामा आवद्ध भएको हो । लघुवित्तले हाल देशभर १८५ शाखामार्फत ७४ जिल्लामा २ लाख ४१ हजार घर परिवारमा लघुवित्त सेवा प्रदान गर्दै आइरहेको छ ।







प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ